

# अनन्तता !

## के तपाईं अनन्त यात्राको निम्ति तयार हुनुहुन्छ ?

यो पुस्तक तपाईंले पढिसक्नुभएपछि कृपया अरुलाई पनि पढ्न दिनुहोस् !

# अनन्तता !

## के तपाई अनन्त यात्राको निम्ति तयार हुनुहुन्छ ?

# *Anantata !*

*Ke Tapai Ananta Yatrako Nimti Tayar Hunuhunchha?*

प्रथम संस्करण : कार्तिक २०६४ (नोभेम्बर २००७)

यो पुस्तक बिक्रीको लागि होइन ।

स्वेच्छा भेटी पठाइदिनुभए यस्ता पुस्तकहरु अझ बढीमात्रामा छाप्न सहायता पुग्नेछ ।

©सर्वाधिकार प्रकाशकमा सुरक्षित

प्रकाशक
**MaRC NEPAL**
GPO Box 8975 EPC 806
Kathmandu
Nepal
email: marcnepal@yahoo.com

# अनन्तता

## “सदासर्वदा”

परमेश्वरको वरदान
येशू ख्रीष्ट हाम्रा मालिकद्वारा दिइने
अनन्त जीवन हो ।
(रोमी ६:२३)

# विषय सूची


| | पृष्ठ |
|---|---|
| १. के तपाईं अनन्त यात्राको निम्ति तयार हुनुहुन्छ ? | ३ |
| २. स्वर्ग | ६ |
| ३. नरक झूटो होइन ! | १० |
| ४. स्वर्गसम्बन्धी प्रश्नहरू | १६ |
| ५. नरकसम्बन्धी प्रश्नहरू | २० |
| ६. ईमानदार मानिसहरूले चेताउनी दिनुपर्दछ | २९ |
| ७. अनि नरकमा उसले आफ्ना आँखा उठाएर माथि हेऱ्यो | ३२ |
| ९ नरकसम्बन्धी बाइबलीय विवरण | ३४ |
| ९. मेरा पिताको घरमा धेरै वासस्थानहरू छन् | ३५ |
| १०. ठूलो सेतो सिंहासन | ४५ |
| ११. आफैलाई जाँच्नुहोस् | ५३ |
| १२. तपाईंले कहीं न कहीं अनन्तता बिताउनुपर्दछ | ५८ |
| १३. कसरी स्वर्ग जाने ? | ६१ |
| १४. निर्णायक प्रार्थना | ६९ |
| १५. श्रीमान् अनन्तता | ७१ |

# के तपाईं अनन्त यात्राको निम्ति तयार हुनुहुन्छ ?

एकजना प्राचीन राजा र उनको दरवारको विदूषकबारे एउटा कथा भनिन्छ । त्यो विदूषकका उट्पटचाङहरूद्वारा मन्त्रमुग्ध राजाले "त्यो मूर्ख"-लाई एउटा झलझलाकार लौरो दिए । अनि ती राजाले यसो भने, "ल, यो लौरो लिइराख र तिमीभन्दा बढी मूर्ख मानिस भेटेपछि उसलाई यो दिनू ।"

समय बित्यो र राजा बिरामी परे । त्यो विदूषकलाई भित्र बोलाइयो । उसले आफ्ना राजालाई बडो वेदनामा परेका भेट्टायो ।

"के समस्या परचो, महाराज ?" विदूषकले सोध्यो ।

"म एकदमै बिरामी परेँ," राजाले भने, "र म त एउटा लामो यात्रामा जान्छु कि क्या हो भनी मलाई डर लागिरहेछ ।"

"तपाईं कहिले फर्किनुहुनेछ ?" विदूषकले सोध्यो ।

"कहिल्यै फर्किनेछैनँ," राजाले भने ।

"तपाईं जान लाग्नुभएको देशको बारेमा तपाईंलाई के थाहा छ ?"

"केही पनि थाहा छैन !"

"तपाईंले त्यो यात्राको लागि के तयारी गर्नुभएको छ ?"

"कत्ति पनि तयारी गरेको छैनँ ।"

त्यसपछि त्यहाँ एकछिन सन्नाटा छायो । बिस्तारै विदूषकले त्यो झलझलाकार लौरो निकाल्यो ।

"महाराज," उसले भन्न थाल्यो, "मैले आफूभन्दा बढी मूर्ख मानिस नभेटुन्जेल यो लौरो लिइराख्न तपाईंले मलाई आज्ञा गर्नुभएको थियो । अव

तपाईं भन्नुहुन्छ कि तपाईं एउटा यात्रामा निस्कन लाग्नुभएको छ जसबाट तपाईं कहिल्यै फर्किनुहुनेछैन, यस्तो देशमा जसको बारेमा तपाईंलाई केही पनि थाहा छैन र जुन यात्राको निम्ति तपाईंले कत्ति पनि तयारी गर्नुभएको छैन । ल, यो लौरो लिनुहोस् ।"

पाठकवृन्द, के हामी ती राजाजस्तै छौं ? आफैलाई नढाटौं । हामी प्रत्येकले त्यो अनन्त यात्रा - **अनन्तता**को यात्रा - गर्नुपर्दछ । बाइबल यसो भन्दछ,

**"आफ्ना परमेश्वरलाई भेट्न तयार हो !"** (आमोस ४:१२)

के तपाईं त्यो यात्राको निम्ति तयार हुनुहुन्छ ? के तपाईं परमेश्वरलाई भेट्न तयार हुनुहुन्छ ? वा के तपाईं जहिलेसुकै जेसुकै आइपरे तापनि सहने भनी खतरा मोल्दै रुमल्लिरहनुभएको मात्र छ ?

तपाईंको अनन्त गन्तव्यबारे **खतरा मोल्नु** बुद्धिमानी होइन ! यो त सहज बुद्धिसमेत होइन । यो मूर्खता हो, किनकि अनन्तता एकदमै लामो समयसम्म रहिरहन्छ ! मेरा प्रिय पाठकवृन्द, कृपया "त्यो विदूषकको लौरो" नलिनुहोस् ! यदि तपाईंले आफ्नो अनन्तताको निम्ति तयारी गर्नुभएको छैन भने, यो पुस्तिकाले तपाईंलाई सत्यतातर्फ डोरचाउनेछ र मुक्तिको मार्ग देखाउनेछ ।

तपाईं अनन्ताबारे शङ्कामै रहिरहनुपर्दैन ! तपाईंले आफ्नो प्राणको उद्धार गरिएको छ र सर्वशक्तिमान् परमेश्वरको हातमा त्यो सुरक्षित छ भन्ने कुरा थाहा पाएर मृत्युको र त्यसपछिको जीवनको सामना गर्न सक्नुहुन्छ । परमेश्वरमाथि भरोसा गर्नेहरूलाई उहाँले गरिदिनुभएको महिमामय प्रबन्धमा तपाईं सहभागी हुन सक्नुहुन्छ । आफ्नो अनन्त गन्तव्यलाई बेवास्ता गर्नेहरूको डरलाग्दो दुर्भाग्यबाट तपाईं बचाइन सक्नुहुन्छ । तर तपाईंले उहाँको प्रबन्धलाई ग्रहण गर्नुपर्दछ ।

"यसैले तिनीहरूलाई भन्, '*स्वर्गीय* मालिक, यवे भन्नुहुन्छ, दुष्टको मृत्यु म चाहन्नँ, बरु दुष्ट मानिसले आफ्नो चाल त्यागेर जिओस्

भन्ने म चाहन्छु। आफ्नो दुष्ट चाल त्याग, ती त्यागिहाल। हे इस्राएली हो, तिमीहरू किन मर्छौ ?'" (इजकिएल ३३:११)

**यवे** ( יהוה ) चाहिँ हिब्रू बाइबलमा लेखिएको सर्वशक्तिमान् परमेश्वर, सृष्टिकर्ताको नाउँ हो। यसको अर्थ हो, "अनन्त जन।"

माथिको प्रश्न, "तिमीहरू किन मर्छौ ?"-ले अनन्त मृत्युबारे बताइरहेको छ - नरक भनिने त्यो अँध्यारो अनन्तताबारे बताइरहेको छ जहाँदेखि उम्कन हामीले प्रयास गर्नुपर्दछ।

यवे प्रेम गर्नुहुने र पनि पवित्र परमेश्वर - अनन्त सृष्टिकर्ता - हुनुहुन्छ। अनि उही परमेश्वरले नै उद्धार गर्नुहुन्छ र उद्धार गर्न मन पराउनुहुन्छ!

"स्वर्ग सृजने यवे यसो भन्नुहुन्छ, (उहाँ परमेश्वर हुनुहुन्छ !) जसले पृथ्वी रच्नुभयो र बनाउनुभयो। (उहाँले त्यो स्थिर गर्नुभयो, उहाँले त्यो आबाद गर्नलाई बनाउनुभयो।) म यवे हुँ, मबाहेक अरू कोही छैन।....हे पृथ्वीका सबै टाढा-टाढाका हो, मतिर हेर, र उद्धार पाऊ, किनकि म परमेश्वर हुँ, अनि अरू कोही छैन।" (यशैया ४५:१८,२२)

उहाँलाई नै भेट्नको लागि हामीले तयारी गर्नुपर्दछ भनी हामीलाई बताइएको छ। उहाँ नै अनन्त पिता हुनुहुन्छ, जसले हामीलाई सृष्टि गर्नुभयो ताकि उहाँको जीवनमा सहभागी भएर हामीले सदासर्वदा आनन्द मनाउन सकौं। उहाँले आफ्नो अनन्त घरमा हामीलाई अनन्त जीवन दिनुहुन्छ। **त्यही अनन्ततालाई नै हामीले रोज्नुपर्दछ !**

त्यो अनन्तता "हासिल" गर्नु भनेको सदासर्वदा जीवन र प्रेममा रहनु हो। त्यो अनन्त आशिष गुमाउनु भनेको सदासर्वदाको लागि सम्पूर्ण आशा त्याग्नु हो। हामी यो संसारमा छोटो अवधिको लागि मात्र छौं। हामीले अनन्तता कहाँ बिताउनेछौं ?

# स्वर्ग

**यो वास्तविक हो ! यो आश्चर्यजनक छ !**
**यो तयार पारिएको छ ! यो तपाईंकै निम्ति हुन सक्दछ !**

**हामीले हर तरहले स्वर्गलाई व्याख्या गर्न प्रयास गरे तापनि, हामी असफल हुन्छौं । यो त हाम्रो उत्कृष्ट व्याख्याभन्दा बढी सुन्दर हुन्छ ।**

एउटी जन्मैदेखिकी अन्धी केटीको एउटा कथा छ जसले आफ्नी आमाका ओठहरूबाट मात्र यो संसारका सुन्दरताहरूबारे थाहा पाएकी थिइन् । अनि एकजना प्रख्यात शल्यचिकित्सकले उनका आँखाको उपचार गरे र अन्ततः उनको शल्यक्रिया सफल भयो ।

ती सानी केटीको आँखाबाट अन्तिम पट्टी झिकिंदा, उनले देख्न सकिन् । अनि उनी दौडेर आफ्नी आमाको काखमा गइन्, त्यसपछि झ्याल र ढोकामा गइन् । अनि पृथ्वीका महिमाहरूमा **नजर दौडाएपछि, उनले चिच्चाउँदै आफ्नी आमाकहाँ आएर यसो भनिन्,** "आमा, यो यति सुन्दर थियो भनी किन मलाई नभन्नुभएको ?"

आमाले उनका खुशीका आँसु पुछिदिँदै भनिन्, "मेरी नानी, मैले तिमीलाई बताउने प्रयास गरेकी थिएँ, तर मैले त्यसो गर्न सकिनँ ।

एक दिन हामी स्वर्ग पुग्दा, हामीले यसरी सोध्नेछौं, "यो यति सुन्दर थियो भनी कसैले हामीलाई किन नबताएको ?" बाइबलका सबै लेखकहरूले यसो भन्नेछन्, "हामीले तपाईंलाई बताउने प्रयास गरचौं, तर त्यसो गर्न असम्भव थियो ।" हो, स्वर्गबारे कुरा गर्न कठिन हुन्छ । यो यति विशाल र यति सुन्दर छ कि हाम्रा शव्दहरूले व्यक्त गर्न सक्ने उत्कृष्ट व्याख्याले पनि त्यसको वर्णन गर्न सक्दैन ।

तर म यसबारे सरल शव्दमा केही कुरा भन्न चाहन्छु ।

## १. स्वर्ग वास्तविक हो

हो, स्वर्ग वास्तविक स्थान हो । यो त हामीलाई थाहा भएको कुनै देश वा शहरजत्तिकै वास्तविक हो । खीष्ट (मसीह)-ले यसो भन्नुभयो, "म तिमीहरूको निम्ति ठाउँ तयार पार्न जान्छु ।" यदि मसीहले उहाँ ठाउँ तयार पार्न जानुभएको कुरा बताउनुभयो भने, उहाँ निश्चित रूपमा एउटा निश्चित ठाउँमा जान्नुभयो ।

स्वर्ग एउटा तयार पारिएको ठाउँ हो । येशूले त्यसो नै भन्नुभयो र त्यो कुराले नै त्यसलाई पूर्ण रूपमा साँचो बनाउँदछ । प्रभु येशूले आफ्ना जनहरूको निम्ति स्वर्गीय महलहरू तयार पारिरहनुभएको छ ।

## २. स्वर्ग घर हो

"घर"-ले हाम्रो मनमा सबैभन्दा मीठा र रमाइला स्मरणहरू र सम्भनाहरू ल्याइदिन्छ ।

स्वर्ग हाम्रो घर हो । नरक घर **होइन** - नरक त सर्वनाशको कैद हो । अनन्त नरकमा घरका कुनै चिन्हहरू हुँदैनन् । त्यो त सदासर्वदा कष्ट भोग्ने स्थान हो ।

यो पृथ्वीमा अत्यन्त धेरै मानिसहरूको कहिल्यै घर हुँदैन । यस्तैमध्ये एकजनाचाहिँ हाम्रा प्रभु येशू हुनुहुन्थ्यो जसको शिर लुकाउने ठाउँ कहीं पनि थिएन । तर मित्र, खीष्टमाथि विश्वास राख्नुहोस् र **स्वर्ग तपाईंको घर हुनेछ ।**

## ३. स्वर्ग प्रेम हो

यूहन्नाले प्रकाशको पुस्तकका अन्तिम अध्यायहरूमा हामीलाई स्वर्गको विवरण प्रदान गर्दछन् । उनले परमेश्वरको शहरको आकार, त्यो शहरका ढोकाहरू, मोतीहरू, गरगहनाहरू, सुनका सडकहरूको बारेमा बताउँदछन् । तर कसैले भनेका छन्, त्यो पूरै सूचीमा एउटा रत्न उल्लेख गरिएको छैन । त्योचाहिँ प्रेमको रत्न हो ।

स्वर्ग प्रेम हो । सम्पूर्ण घृणा, शत्रुता, ईर्ष्या र द्वन्द्व हटाइनेछन् । स्वर्गले हामीलाई उद्धार पाएका हाम्रा प्रियजनहरूसँग भेट गराइदिनेछ र प्रेम नदी झैं बग्नेछ ।

एक पटक, भर्खरै आफ्नी छोरी, एउटी ईसाई केटीको दाहसंस्कार गरेकी एउटी स्त्रीले डा. ताल्मेजलाई सोधिन्, "डा. ताल्मेज, मैले फेरि उनको अनुहारमा हेर्न पाउनेछु र उनलाई चिन्नेछु भनी के तपाईं वास्तवमै ठान्नुहुन्छ ?"

उनले भने, "स्वर्गको बारेमा तपाईं के सोच्नुहुन्छ ? स्वर्ग थप कुरा हो कि कम कुरा हो ? के हामी पृथ्वीमा भन्दा स्वर्गमा बढी मूर्ख हुनुपर्दछ ? हामीले यहाँभन्दा स्वर्गमा कम कुरा थाहा पाउनेछौं भन्ने के तपाईं ठान्नुहुन्छ ? सबै सुन्दर कुराहरू समयको बढ्दो सुन्दरतासँगै वृद्धि हुनेछन्, तर उनी तपाईंकै हुनेछिन् । उनी सम्झनामा र मनमा तपाईंकै हुनेछिन् । स्वर्ग त थप कुरा हो, कम होइन ।"

## ४. येशू स्वर्गमा हुनुहुन्छ

यो प्रश्न प्रायः सोधिन्छ, "स्वर्ग कहाँ छ ?" यसको एउटा सबैभन्दा सरल जवाफ यो हुन्छः "स्वर्ग त्यहीं छ जहाँ येशू हुनुहुन्छ ।" यो जवाफ मूर्खतापूर्ण हुँदैन किनभने वचनले हामीलाई बताउँदछ कि हामी शरीरदेखि मुक्त हुँदा, प्रभुको साथमा हुन्छौं । परमेश्वरको संसारमा स्वर्ग जहाँसुकै भए तापनि, हामी यस कुरामा निश्चित हुन सक्दछौं - यो हाम्रा मालिकसँगै छ ।

खीष्टलाई आमने-सामने देख्ने अनुभवले कहिल्यै अत्यन्त धेरै मानिसहरूलाई वास्तवमै आकर्षण गर्दछ कि गर्दैन भनी म मनमनै विचार गर्दछु । तपाईंले प्रभुको बारेमा गीत गाउनुहुँदा, एक दिन तपाईंले प्रभुलाई देख्नुहुनेछ भन्ने कुरा के तपाईंलाई थाहा हुन्छ ? अर्थात् **यदि तपाईं परमेश्वरको छोरा वा छोरी हुनुहुन्छ भने**, तपाईंले उहाँलाई देख्नुहुनेछ ।

तपाईंले य'शूआ अर्थात् येशू मसीहलाई देख्नुहुनेछ जसलाई तपाईंको निम्ति क्रूसमा कीला ठोकेर टाँगिएको थियो। ती डोबहरू अझै पनि उहाँका हात र खुट्टामा हुनेछन्; उहाँको निधारमा दागहरू देखिनेछन्। अहो, हामीले दिनहुँ नयाँ जोशका साथ यसरी गाउनुपर्दछः

*येशू, येशू, येशू, मेरो लागि अति मीठो नाउँ,*
*मेरो हरेक चाहना पूरा गरिदिने, हरपल मलाई गाइरहन लगाउने*

## ५. स्वर्ग अनन्त हुन्छ

हामीले यहाँ बनाउने हरेक घर मक्किनेछ र नाश हुनेछ; यसको आयू सीमित हुन्छ। तर स्वर्ग त अनन्त छ। यस पृथ्वीमा भएको सबै कुरा, चाहे त्यो डाँडामाथि रहेको एउटा कोठा होस् चाहे फोहोर बस्तीहरूमा रहेको एउटा छाप्रो नै होस्, त्यो क्षणिक मात्र हुन्छ। तर स्वर्ग त हामी सधैंभरि रहने अनन्त स्थान हो।

संसारका शहरहरू के हुन्छन् ? ती बनाइन्छन् र नाश पारिन्छन्। निनवे र बेबिलोन बितिजान्छन्; एशिया र इजिप्टका शहरहरू नाश पारिन्छन्, तर स्वर्ग यस्तो शहर हो जसको निर्माता परमेश्वर हुनुहुन्छ र जसका जगहरू कहिल्यै नाश हुनेछैनन्।

के हामी यी सबै कुराहरूलाई एउटा वाक्यमा लेख्न सक्दछौं ? शायद हामी सक्दछौं होला। स्वर्ग एउटा वास्तविक स्थान, विश्वासीहरूको घर हो जहाँ प्रेम र ख्रीष्ट रहनुहुन्छ र जसलाई अनन्त युगहरूले कहिल्यै पनि परिवर्तन गर्नेछैनन्।

- Dr. Lee Robertson / The Sword of the Lord

**स्वर्ग....**

येशूको **मुहार** नै स्वर्गको **ज्योति** हो
येशूको **उपस्थिति** नै स्वर्गको **आनन्द** हो

येशूको **नाउँ** नै स्वर्गको **धून** हो
येशूको **प्रशंसा** नै स्वर्गको **शान्ति** हो
येशूको **काम** नै स्वर्गको **सार** हो
येशूको **सेवा** नै स्वर्गको **काम** हो
येशूको **अनन्तता** नै स्वर्गको **आयू** हो
स्वर्गको **पूर्णता** भनेको ***य'शूआ,*** येशू स्वयम् हुनुहुन्छ ।
(**य'**शूआचाहिँ येशूको हिब्रू नाउँ हो ।)

# नरक झूटो होइन !

**नरकको बारेमा अनौठो रूपमा चूप लागिन्छ ! त्यसको व्याख्या गर्नुहोस् ? हामी सक्दैनौं ! यो विषयसम्बन्धी सोचाइ परिवर्तन भएको देखेर जोकोही पनि अचम्भित मात्र हुन्छ । दृष्टिकोणहरू परिवर्तन भएका छन्, तर त्यसले मानवजातिलाई केही पनि फाइदा पुऱ्याएको छैन ।**

आस्थाका सम्पूर्ण प्राणालीहरू नरकको अस्तित्व छैन भन्ने कुरामाथि केन्द्रित छन् ! यो त आजको चल्तीको भाषा बनेको छ र नाउँ नै नसुनिएका स्थानहरूलाई झैं त्यसलाई अस्वीकार गरिन्छ । मौनता, मानिसहरूको परिवर्तित व्यवहार र सञ्चार माध्यमहरू हुँदा-हुँदै पनि, न्यायको दिन र नरकसम्बधी सत्यता अटल सत्यताहरू नै भइरहन्छन् जसले आफैलाई प्रमाणित गर्नेछन् । (प्रकाश १९:११-१५)

डा. ई. लिट्लेटन, एडनका पूर्व-प्रधानाध्यापक यसो भन्दछन्: "ईश्वरीय व्यवस्थासम्बन्धी हाम्रो ज्ञानको पुनर्स्थापनाको निम्ति खीष्टको शिक्षा नै हाम्रो महान् आशा हो भनी हामी अलि-अलि स्वीकार गर्दछौं । तर हामीले त्यो शिक्षामा मन नपराउने सबै कुरालाई हामी बेवास्ता गर्दछौं । त्यसकारण, परमेश्वरले अनाज्ञाकारीको न्याय गर्नुहुन्छ भनी त्यसको लगभग एक-

तिहाइ भागले घोषणा गरे तापनि, हामी यस विषयमा गत पचास वर्षदेखि मौन रहँदै आएका छौं ।"

यदि अनन्त नरक नै अपश्चातापी पापीको डरलाग्दो विनाश हो भने (र संसारमा अपराध नियन्त्रण गर्ने प्रमुख व्यक्ति अविश्वाससँगै बिलाइजानुहुन्छ भने), निडरतापूर्वक त्यसको बारेमा बोल्ने व्यक्ति ती पापीहरूको शुभचिन्तक हुन्छ ।

## परमेश्वरको प्रशासनको निम्ति नरक आवश्यक हुन्छ

नरक "दुष्ट र त्यसका दूतहरूको निम्ति तयार पारिएको" थियो भनेर हामीलाई भनिएको छ। (मत्ती २५:४१) । समाजले सुरक्षाको माग गर्दछ र जिउनको लागि त्यो हुनु नै पर्दछ । दण्ड दिने संस्थाहरू दुःखद आवश्यकता हुन् भन्ने कुरा मानिसहरूले पत्ता लगाएका छन् । अधर्मी मानिसहरूले आफैमाथि नियन्त्रण निम्त्याउँदछन् । किन ? तिनीहरू आफ्नै लागि र अरूको लागि खतरापूर्ण हुन्छन् । संसारभरि जेलमा रहेका सबै कैदीहरू एक ठाउँमा भेला हुन सक्ने भए, तिनीहरूले एउटा शक्तिशाली राष्ट्र बनाउँदथे । तिनीहरूकै भलाइ र समाजको पनि भलाइको निम्ति तिनीहरूलाई कैदमा राखिएको छ ।

त्यसकारण, प्रहरी, हिरासतहरू, जेलहरू, अपराधीहरूको निम्ति बनाइएका अदालतहरू र संस्थाहरूमा, हामीले परमेश्वरका व्यवस्थाहरूअनुसार हिँड्न **अस्वीकार** गर्नेहरूको लागि परमेश्वरका नियमहरूको एउटा कमजोर उदाहरण पाउँदछौं ।

मानिसहरू स्वतन्त्र प्राणी हुन्, तर तिनीहरूले आफ्नो व्यवहारद्वारा व्यवस्थाको नियन्त्रण ननिम्त्याइञ्जेलसम्म व्यवस्थाले आफ्नो हात बढाउँदछ र तिनीहरूलाई पक्रन्छ। त्यसै गरी, दुष्ट मानिसहरूले परमेश्वरलाई उहाँका भनी चुनिएका मानिसहरूमा छाप लगाउन र उहाँको शक्तिमा गएर दुष्टहरूलाई पक्रन र जेलमा राख्न लगाउँदछन् जसले आफ्नो व्यवहार

र कामहरूद्वारा त्यसलाई आवश्यक बनाएका हुन्छन् । जसरी मानिसको प्रशासनसँग दोषीका निम्ति नियमहरू हुन्छन्, त्यसरी नै निश्चित रूपमा परमेश्वरसँग तिनीहरूका निम्ति नियमहरू छन् जो उहाँको राज्यका नियमहरूको अधीनतामा रहन अस्वीकार गर्दछन् ।

**क्षमा नगरिएको सबै पापको अन्तिम गन्तव्य तथा सम्पूर्ण स्वार्थ र पापको प्रतिफल नरक हो । पाप छर्नु र त्यसको क्षमा नगरिनुको अर्थ अन्तमा नरक कटनी गर्नु हो ।**

> "निश्चय गरी जान कि तिमीहरूको पापले तिमीहरूलाई खोजेर निकाल्नेछ," मोशाले ठूलो सोरले भने । (गन्ती ३२:२३)

हितोपदेशका प्रचारक यसरी घोषणा गर्दछन्: "जसले बारम्बार हप्काइँदा पनि आफ्नो हठ छोड्दैन, त्यो अचानक कुनै उपाय नपाईकन नष्ट हुनेछ ।" (हितोपदेश २९:१) । इजकिएलले यसरी चेताउनी दिन्छन्, "जुन प्राणले पाप गर्छ, त्यही मर्छ ।" (इजकिएल १८:४) । पावल लेख्दछन्: "पापको ज्याला मृत्यु हो ।" (रोमी ६:२३), र "धोकामा नपर, परमेश्वर ठट्टामा उडाइनुहुन्न; किनकि मानिसले जे छर्छ, त्यसैको कटनी पनि गर्नेछ ।" (गलाती ६:७)

कलभरीको क्रूसमा नै परमेश्वरले मानिसहरूको पापको प्रश्नलाई सधैंको निम्ति एकै पटकमा समाधान गरिदिनुभयो । सारा संसारका पापहरूको निम्ति भएको मसीहको बलिदान परमेश्वरले सम्पूर्ण मानवजातिको निम्ति गर्नुभएको प्रबन्ध थियो; र कुनै पापी मानिसले यो समाधानलाई स्वीकार गर्दा, उसलाई कत्ति पनि दोष लगाइनेछैन । तर यदि परमेश्वरको प्रबन्धलाई अस्वीकार गरिन्छ भने, दोषी ठहरचाइएको पापको लागि **नरक**बाहेक अरू के पो बाँकी रहन्छ र ?

> येशू मसीहले चेताउनी दिनुभयो: "म उही हुँ भनी तिमीहरूले विश्वास गरेनौ भने तिमीहरू आफ्ना पापहरूमा मर्नेछौ ।"
> (यूहन्ना ८:२४)

नरक त पूर्ण रूपमा **गेहेन्ना** नै हो, अर्थात् दुष्ट र अविश्वासी मृतकहरू, शैतानलगायत सम्पूर्ण पतित स्वर्गदूतहरू र दुष्टात्माहरूको लागि दण्ड दिइने अन्तिम स्थान हो। यो शब्द नयाँ करारमा १२ पटक देखा पर्दछ र प्रभु येशूले यसलाई ११ पटक प्रयोग गर्नुहुन्छ!

दण्डको अन्तिम स्थानबारे बोल्दै येशूले "**अग्निमय नरक**" वाक्यांश वा **गेहेन्ना** शब्द प्रयोग गर्नुहुन्छ। प्रभुले "पाताल" शब्दलाई चार पटक मात्र प्रयोग गर्नुहुन्छ। (मत्ती ११:२३, १६:११, लूका १०:१५; १६:२३), जुन यी स्थानहरूमा उक्त शब्द ("चिहान")-को साँचो अर्थ हो।

येशूले अन्य धेरैवटा शब्दहरू पनि प्रयोग गर्नुहुन्छ जुन नरकसम्बन्धी उहाँका भनाइहरूसँग मेल खान्छन्। नरक र त्यहाँ दिइने दण्डलाई जनाउने "**आगो**" शब्द नयाँ करारमा २७ पटक देखा पर्दछ र प्रभुले त्यसलाई १९ पटक प्रयोग गर्नुभएको छ। "**तिनीहरूका कीरा मर्दैनन्**" वाक्यांश पाँच पटक पाइन्छ र प्रभुको साथसाथै यशैयाले पनि प्रयोग गरेकाजस्तो देखिन्छ; यशैयाले चाहिँ त्यो अर्थमा एक पटक मात्र चलाउँदछन्। "**विनाश**" शब्द चारवटा स्वरूपहरूमा १४ पटक भेट्टाइन्छ। येशूले यसलाई चार पटक चलाउनुभएको छ भने पावलले छ पटक र पत्रुसले एक पटक चलाएका छन्। निश्चित रूपमा यसले नाश वा न्यायको अर्थ बुझाउँदछ।

"**अनन्त**" वा "**सदासर्वदा**" शब्दहरू परमेश्वरका पुत्रका ओठहरूमा प्रायः पाइन्छन्। नयाँ करारमा यो ५ वटा स्वरूपहरूमा १२८ पटक देखा पर्दछ। पुरानो करारमा चाहिँ नयाँ करारमा पाइने शब्दसँग मिल्ने शब्द १७ वटा स्वरूपहरूमा ४४८ पटक देखा पर्दछ। त्यसपछि "**क्रोध**" शब्द नयाँ करारमा २६ पटक देखा पर्दछ र त्यसले सदैव अन्तिम न्यायलाई जनाउँदछ। "**दण्ड**" शब्द ४ पटक देखा पर्दछ र मुक्तिदाताले यसलाई एक पटक प्रयोग गर्नुभएको छ। "**नाश**" शब्द ३३ पटक पाइन्छ र येशूले यसलाई १८ पटक प्रयोग गर्नुहुन्छ।

महिमाका प्रभुले प्रयोग गर्नुभएका अन्य शब्दहरू पनि छन्: "**रुवाइ र दाह्राकिटाइ**", "**सर्वनाश**", "**पीडा**", "**पीडित**" र बाइबलको अन्तिम पुस्तकमा हामी "**अग्निकुण्ड**" र "**दोश्रो मृत्यु**" शब्दहरू भेट्टाउँदछौं । आज बेवास्ता गरिएको विषय बनेको यो गम्भीर सत्यताबारे प्रभु येशूले बोल्नुभएका सम्पूर्ण शब्दहरू र सम्पूर्ण दृष्टान्तहरूबारे विचार गर्नुहोस् । प्रकाशको पुस्तक उहाँको अन्तिम सन्देश हो, र त्यो पुस्तकभरि नरक र त्यहाँ जानेहरूको बारेमा अति धेरै व्याख्या गरिएको छ । एकैछिन रोकिनुहोस् र राम्रोसँग विचार गर्नुहोस् । हामीले मानिसका वचनहरू मान्नुपर्दछ कि परमेश्वरका वचनहरू मान्नुपर्दछ ?

वास्तविक नरकसम्बन्धी यो सिद्धान्त सबै जाँचहरूमा अटल रहेको छ र रहनेछ । मानिसहरू त्यसदेखि अन्यत्र मोडिन्छन् । कोही-कोहीले मुखले त परमेश्वरको बारेमा बोल्दछन्, तर तिनीहरूको हृदय यो सत्यताबारे मृत र निष्क्रिय हुन्छ । तर यो सत्यतालाई रद्द गर्न सकिँदैन । यसको साक्षी अटल नै रहिरहन्छ । यदि प्रभु येशूलाई भरोसा गर्न सकिँदैन भने, के कुनै मानव साथी वा सल्लाहकारमाथि भरोसा गर्न सकिन्छ ? तिनीहरूले भनेअनुसार र लेखेअनुसार "नरक छैन" भन्ने कुरा साँचो भएको भए, खीष्टका भनाइहरू निर्दयी थिए । येशू खीष्टका वचनहरू र मानिसका वचनहरूबीच छनौट गर्नुपर्दछ ।

## बाइबल अधिकारसहित बोल्दछ

बाइबलको एक-तिहाइ भागले पापमाथि, मानिसहरूमाथि र राष्ट्रहरूमाथि आउने न्यायको बारेमा बताउँदछ । आज, यो सन्देश प्रष्ट पारिन्छ कि संसारमा परमेश्वरको प्रेम छ तर परमेश्वरको भय मानिँदैन वा परमेश्वरलाई प्रेम गरिँदैन ।

**बाइबलले यो संसारमा रहेका मानिसहरूलाई कडा रूपमा भन्दछ जो अर्को ठाउँमा जान लागेका छन्: "होशियार, न्याय आउनै लागेको छ !"**

बाइबलले परमेश्वरको क्रोधभन्दा उहाँको प्रेमलाई बढी प्रस्तुत गर्दैन । तर त्यसको ठीक विपरीतचाहिँ साँचो हो । यसले **प्रेम**को आधारमा उद्धार पाउन प्राणलाई २८ प्रकट आग्रह गर्दछ, जबकि यसले मानिसहरूको उद्धार गरिनुपर्ने एउटा प्रमुख कारणको रूपमा "**परमेश्वरको क्रोध**"-बारे ६१ पटक बताउँदछ । अनि यसले तत्काल, भविष्यमा र अनन्त रूपमा दिइने दण्डको स्थानबारे अत्यन्त आश्चर्यलाग्दो गरी प्रष्ट रूपमा बताउँदछ ।

**प्रकाश**को पुस्तक न्यायको कार्यान्वयनप्रति समर्पित छ, र त्यसका ४०४ वटा पदहरूमध्ये १९१ वटाचाहिँ न्यायसँग सम्बन्धित भएका हामी भेट्टाउन सक्दछौं । निश्चित रूपमा, परमेश्वरको वचनभरिमा दण्डको बारेमा पाइने सबैभन्दा असाधारण शब्दहरू र वाक्यहरू यहाँ देखिन्छन् ! "**पीडा**" र "**गन्धक**"-लाई ६ पटक; "**अगाध खाँद**", "**न्याय**" र "**क्रोध**"-लाई ७ पटक र "**महामारी**"-लाई १६ पटक उल्लेख गरिएको छ ।

अधिकांश मानिसहरू बाइबलले स्वर्गबारे बताउने कुरा स्वीकार गर्न तयार हुन्छन्, तर त्यसले नरकबारे घोषणा गर्ने कुरा विश्वास गर्न भने असङ्ख्य मानिसहरूले अस्वीकार गर्दछन् । तर कारण र तर्कका सम्पूर्ण नियमहरूअनुसार, एउटाको खण्डनले अर्कोको अस्तित्व छैन भन्ने अर्थ दिनुपर्दछ भन्ने कुरा के साँचो होइन र ?

यदि स्वर्ग एउटा वास्तविकता हो भने, नरक पनि एउटा वास्तविक हो । यदि एउटा स्थानमा ज्योति हुन्छ भने, अर्को स्थानमा अन्धकार हुन्छ । यदि स्वर्गमा आनन्द हुन्छ भने, निश्चित रूपमा नरकमा चाहिँ दुःख हुन्छ । यदि स्वर्गमा परम आनन्द हुन्छ भने, अर्कोमा निश्चित रूपमा अनन्त विनाश हुन्छ ।

नरकसम्बन्धी कटु सत्यताले हामी प्रत्येकलाई त्यसको पीडादेखि अरूलाई बचाउन इच्छुक बनाउनुपर्दछ । न्यायको बारेमा प्रचार गर्नुपर्दछ ताकि मानिसहरूले कहिल्यै न्याय भोग्नु नपरोस् नरकको बारेमा प्रचार गर्नुपर्दछ ताकि स्वर्गको कुरा पूरा होस् ।

"अनि जसको *नाम* जीवनको पुस्तकमा लेखिएको पाइएन, त्यो अग्निकुण्डभित्र फ्याँकियो ।" (प्रकाश २०:१५)

"यसैले तिनीहरूलाई भन्, '*स्वर्गीय* मालिक यवे भन्नुहुन्छ, दुष्टको मृत्यु म चाहन्नँ, बरू दुष्ट मानिसले आफ्नो चाल त्यागेर जिओस् भन्ने म चाहन्छु । आफ्नो दुष्ट चाल त्याग, ती त्यागिहाल । हे इस्राएली हो, तिमीहरू किन मर्छौ ?'" (इजकिएल ३३:११)

"अनि उनीहरूले भने: 'प्रभु येशू खीष्टमाथि विश्वास गर्नुहोस् *(अर्थात् आफूलाई उहाँको हातमा सुम्पनुहोस्),* र तपाईंले मुक्ति पाउनुहुनेछ - तपाईंले र तपाईंको परिवारले ।" (प्रेरित १६:३१)

## स्वर्गसम्बन्धी प्रश्नहरू

**प्रश्न: स्वर्ग कहाँ छ ?**

**जवाफ:** बाइबलले खास गरी तीनवटा स्वर्गहरूको बारेमा बताउँदछ, तर परमेश्वर वास गर्नुहुने स्वर्ग भने एउटा मात्र छ । पहिलो स्वर्ग आकाश हो - वायुमण्डल र बादलहरू । दोश्रोचाहिँ संसार र विश्व हो । तेश्रोमा चाहिँ परमेश्वर वास गर्नुहुन्छ र जहाँ उहाँका जनहरू सँग-सँगै सधैंभरि रहनेछन् । स्वर्ग कहाँ छ र नरक कहाँ छ भन्ने कुरा हामीलाई बताईंदैन, तर परमेश्वरको वचनमा स्वर्ग जानेसम्बन्धी हरेक सन्दर्भले "माथि" जानुलाई जनाउँदछ । येशू माथि जानुभयो र बादलले उहाँलाई तिनीहरूको नजरदेखि लुकाइदियो (प्रेरित १:९); एलिया माथि गए (२ राजा २:११); पावल माथि उठाइलगिए । (२ कोरिन्थी १२:२)

खीष्टले रचाप्चरको समयमा उहाँका जनहरूलाई माथि उठाई लैजानुहुनेछ । (१ थेस्सलोनिकी ४:१७) । अघिल्लो पदले खीष्ट स्वर्गबाट "ओर्लनुभएको" कुरा बताउँदछ, जहाँ उहाँ अहिले हुनुहुन्छ । स्वर्ग हामीभन्दा माथि हुनुपर्दछ - कति माथि भन्ने हामीलाई थाहा छैन, तर हामीले यो शरीर र यो पृथ्वी छोड्दा, हामी शरीरविहीन भएर तुरुन्तै स्वर्गमा पुग्दछौं, त्यसपछि प्रभुको साम्‌ु पुग्दछौं ।

**प्रश्न: के हामीले स्वर्गमा हाम्रा प्रियजनहरूलाई चिन्नेछौं ?**

**जवाफ:** प्राय: हामीले प्रियजनको चिहान नजीकै उभिएर उनको लासलाई "बौरिउठाइको बिहानी"-सम्म चिहानमै राखिछोड्दछौं ! त्यस्ता समयहरूमा हामीले परमेश्वरलाई धन्यवाद चढाएका छौं कि हामी कुनै आशा नभएका मानिसहरूभैं दु:खित हुनुपर्दैन, र हामी यो कुरा थाहा पाएर चिहानबाट फर्किन्छौं कि हामीले उनीहरूलाई केही समयको लागि गुमाए तापनि, छिट्टै नै फेरि भेट्नेछौं - स्वर्गमा, अर्थात्, यदि तिनीहरू र हामी दुवै सच्चा विश्वासीहरू हौं भने ।

तर यो प्रश्न प्राय: उत्पन्न हुन्छ - के हामीले तिनीहरूलाई देख्दा चिन्नेछौं त ? के तिनीहरूले हामीलाई सम्भनेछन् ? हामीलाई वास्तवमा चिन्नै नसक्ने उमेरमा मरेका शिशुहरूले नि ? मावन हृदयले स्वाभाविक रूपमा नै यो सान्तवना खोज्दछ कि तिनीहरूले हामीलाई चिनून् र हामीले तिनीहरूलाई चिनौं ।

य'शूआलाई प्राय: बौरिउठाइबारे प्रश्नहरू सोधियो । सदूकीहरूले सात पटक विवाह भएकी स्त्रीको बारेमा उहाँलाई सोधेका प्रश्नहरू तपाईंलाई याद छ होला - "बौरिउठाइमा त्योचाहिँ सांतजनामा कसकी स्वास्नी हुनेछे ?" (मत्ती २२:२३-३३ हेर्नुहोस्)

अर्कोतिर के हुनेछ भन्ने तिनीहरूले महशूस गरेनन् भनी ख्रीष्टले जवाफ दिनुभयो, "किनकि बौरिउठाइमा तिनीहरूले न त विवाह गर्दछन्, न त विवाह गराइँदछन्, तर स्वर्गमा परमेश्वरका दूतहरूजस्तै हुनेछन् ।" अर्को शब्दमा, **यहाँ पृथ्वीमा भएको जस्तो पारिवारिक जीवनको पुनर्स्थापना त्यहाँ हुँदैन** । विवाह र पारिवारिक जीवन यो जीवनका कुराहरू हुन् र ती स्वर्गमा हुँदैनन् । याद गर्नुहोस्; यदि स्वर्गमा पनि पारिवारिक जीवन जारी रहने हो भने, हामीले हाम्रो संसारको परिवारका नबचाइएका सदस्यहरूले छोडेका रिक्त स्थानहरू याद गरिरहनेछौं । त्यो कति हृदयविदारक हुन्छ होला, तर स्वर्गमा आँसु नै हुँदैन भनी परमेश्वर भन्नुहुन्छ । (प्रकाश ७:१७)

तर त्यहाँ रहेका हाम्रा प्रियजनहरूलाई हामी चिन्नेछैनौं भनी यसले भन्दैन । साँच्चै नै हामी चिन्नेछौं । के हामीले यहाँ जानेको भन्दा कम कुरा त्यहाँ जान्नेछौं ? हामीले त अझ बढी जान्नेछौं - १ कोरिन्थी १३:१२ यसो भन्दछ: "किनकि अहिले हामी ऐनाद्वारा धमिलो देख्छौं, तर त्यस बेला आमनेसामने देख्नेछौं; अहिले मेरो ज्ञान अधूरो छ, तर त्यस बेला जसरी म जानिएको छु, उसरी नै म जान्नेछु ।"

हजुर, हामी हाम्रा प्रियजनहरूलाई चिन्नेछौं र तिनीहरूले हामीलाई चिन्नेछन् । स्वर्ग त सिद्धताको स्थान हो अनि हाम्रा दिमाग र स्मरणहरू सिद्ध हुनेछन् । हामीलाई पराजित गर्ने पाप वा पापको स्मरण त्यहाँ हुनेछैन ।

निश्चय पनि हामीले कहिल्यै नभेटेका अरूलाई पनि हामी चिन्नेछौं, जसरी चेलाहरूले येशूको रूप परिवर्तन भएको डाँडामा मोशा र एलियालाई चिने । हाम्रो लागि प्रार्थना गरेका, वा हामीलाई खीष्टमा डोरचाएका, वा हामीकहाँ मिसिनरी पठाउन आर्थिक सहायता गरेका मानिसहरूलाई अवश्य पनि खीष्टले हाम्रो सामु प्रकट गर्नुहुनेछ । त्यहाँ हाम्रो ज्ञान अहिलको भन्दा अत्यन्त विशाल हुनेछ । यही नै सारा बाइबलको शिक्षा हो ।

**प्रश्नः स्वर्गमा भएकाहरूले के हामीलाई देख्न सक्दछन् ?**

**जवाफः** तपाईंको जीवनको हरेक क्षणमा तिनीहरूले तपाईंलाई देखून् भन्ने के तपाई चाहनुहुन्छ ?

म त चाहँदिनँ होला, र पनि तिनीहरूलाई खुशी तुल्याउने कुराहरू हेर्न भने खीष्टले तिनीहरूलाई अनुमति दिनुहुन्छ होला भनी म विश्वास गर्दछु - उदाहरणको लागि, कुनै प्रियजनको मुक्तिलाई हेर्न, जसको निम्ति तिनीहरूले लामो समयसम्म प्रार्थना गरेका थिए ।

यो कुरालाई समेट्ने केही थोरै सन्दर्भहरूमध्ये एउटाचाहिँ हिब्रू १२:१ मा पाइन्छ: "यसकारण यति *ठूलो* साक्षीहरूको बादलले हामी पनि घेरिएका हुनाले ।"

यो सन्दर्भलाई यस प्रकारले उत्कृष्ट रूपमा व्यख्या गरिन्छ: के तपाईं कहिल्यै दौड हेर्न जानुभएको छ ? पहिला दौडेकाहरू त्यसपछिको दौड हेर्नको लागि गएर छेउमा उभिएका के तपाईं सम्झनुहुन्छ ? तिनीहरू आफ्नो पछि दौडनेहरूका "साक्षीहरू" थिए ।

सांसारिक जीवन पूरा गरेकाहरूलाई ख्रीष्टले तिनीहरूभन्दा पछि आउनेहरूलाई हेर्न अनुमति दिनुहुन्छ होला, तर उहाँले तिनीहरूलाई हाम्रा सबै असफलताहरू र पापहरू हेर्न दिनुहुन्छ भनी म विश्वास गर्न सक्दिनँ । यदि उहाँ यी कुराहरूलाई उहाँको रगतले ढाक्न इच्छुक हुनुहुन्छ भने, उहाँले ती कुराहरू त्यहाँ रहेका हाम्रा प्रियजनहरूलाई देखाउनुहुन्न ।

तर प्रभुलाई ग्रहण गर्ने, बप्तिस्मा, अभिषेक लिनेजस्ता समयहरूमा र अन्य विशेष अवसरहरूमा, ख्रीष्टले हाम्रा प्रियजनहरूलाई पृथ्वीमा भइरहेको कुरा जान्न र हेर्नसमेत अनुमति दिन सक्नुहुन्छ भनी म सजिलैसँग विश्वास गर्न सक्दछु । हामीलाई भनिएको छैन - तर हामीले उहाँमाथि भरोसा मात्र गर्न सक्दछौं जसले सबै कुरा गर्नुहुन्छ । कुनै दिन हामी आफैले सबै कुरा जान्नेछौं ।

**प्रश्न: के हामी स्वर्गको बारेमा निश्चित हुन सक्दछौं ?**

**जवाफ:** सबै मानिसहरू उद्धार पाउन र स्वर्ग जान चाहन्छन्, तर **हामी** त्यो महिमामय स्थानमा पुग्नेछौं भनी **निश्चित हुन सक्दछौं** भन्ने कुरा तपाईंले थाहा पाउनुहोस् भन्ने म चाहन्छु । तपाईंले प्रभुलाई ग्रहण गर्न र अनन्त जीवन पाउन सक्नुहुने तरिका यो पुस्तकले व्याख्या गर्दछ । परमेश्वरको बाइबलले सम्पूर्ण सच्चा विश्वासीहरूलाई यो कुरामा विश्वस्त पार्दछ, कि तिनीहरू कहिल्यै पनि हराउनेछैनन्, तर स्वर्ग जानेछन् ।

> "साँचो-साँचो म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन छ, र ऊ न्यायमा पर्नेछैन, तर मृत्युबाट जीवनमा सरिसकेको हुन्छ ।"
> (यूहन्ना ५:२४)

"मेरा भेडाहरूले मेरो सोर सुन्छन्, अनि म तिनीहरूलाई चिन्छु, र तिनीहरूले मलाई पछ्याउँछन् । अनि म तिनीहरूलाई अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै पनि नष्ट हुनेछैनन्; न त कसैले तिनीहरूलाई मेरो हातबाट खोसेर लैजान्छ ।"

(यूहन्ना १०:२७-२८)

"यसकारण अब ख्रीष्ट येशूमा हुनेहरूलाई कुनै दण्डको आज्ञा छैन ।" (रोमी ८:१)

"अनि गवाही यही हो - परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभएको छ, र यो जीवन उहाँका पुत्रमा छ । जससँग पुत्र हुनुहुन्छ, ऊसित जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, ऊसित जीवन छैन । मैले तिमीहरूलाई, अर्थात् परमेश्वरका पुत्रको नाममा विश्वास गर्नेहरूलाई यी कुराहरू लेखेको छु - तिमीहरूसित अनन्त जीवन छ भन्ने कुरा तिमीहरूलाई थाह होस्, र परमेश्वरका पुत्रको नाममा तिमीहरूले विश्वास गर ।" (१ यूहन्ना ५:११-१३)

के तपाईं स्वर्गको बारेमा निश्चित हुन चाहनुहुन्छ ? तपाईं निश्चित हुन सक्नुहुन्छ । **तपाईंले उद्धार पाउन र स्वर्गमा एउटा स्थान पाउन सक्नुहुने तरिका** यो पुस्तकले प्रष्ट पार्न खोजिरहेको छ । अन्तिम प्रार्थनासम्म नपुगिन्जेल पढिरहनुहोस् ।

## नरकसम्बन्धी प्रश्नहरू

**प्रश्न**: के नरक वास्तविक हो ? नरक छ भन्ने कुरामा हामी वास्तविक रूपमा कसरी निश्चित हुन सक्दछौं ?

**जवाफ**: म आफ्ना धारणाहरू, अनुमानहरू वा सिद्धान्तहरू तपाईंलाई बताउँदिनँ । ती त अर्को कुनै मूर्खका अनुमानहरू, सिद्धान्तहरू वा धारणाहरूभन्दा बढी महत्वपूर्ण हुँदैनन् र यो विषयबारे आफ्नै अनुमानहरू, सिद्धान्तहरू वा धारणाहरू प्रचार गर्ने कुनै पनि मानिस मूर्ख हो । तर

हामीसँग परमेश्वरको वचन छ। परमेश्वरले नरकको बारेमा सबै कुरा जान्नुहुन्छ र हामीलाई त्यसबारे सबै कुरा बताउनुभएको छ। परमेश्वरको एक औन्स प्रकाश मानिसका ४ करोड टन अनुमानहरू र सिद्धान्तहरू बराबर हुन्छ।

नरक छ भन्ने कुरामा हामी निश्चित छौं किनभने खीष्ट त्यसो भन्नुहुन्छ, प्रेरितहरू त्यसो भन्दछन्, र परमेश्वर त्यसो भन्नुहुन्छ। भोलि घाम उदाउनेछ भन्ने कुराप्रति भन्दा नरक छ भन्ने कुराप्रति हामी बढी सकारात्मक छौं। भोलि बिहान घाम उदाउनेछ भनी तपाईंलाई भन्ने अधिकारको एउटा पनि शब्द मसँग छैन। भोलि घाम उदाउनेछ भनी म मानिलिन्छु। त्यसो हुनेछ भनी म आशा गर्दछु। त्यसो हुँदैन भने म निराश हुनुपर्दछ, तर भोलि घाम उदाउनेछ भनी तपाईंलाई भन्ने मसँग कत्ति पनि अधिकार छैन। तर नरक छ भनी तपाईंलाई बताउने अधिकार मसँग छ, र त्योचाहिँ परमेश्वरको वचन हो।

नरक छ किनभने त्यो छ भनी परमेश्वर भन्नुहुन्छ, र यो कुराविरुद्ध मैले अहिलेसम्ममा पाएको एक मात्र कुरा धेरैजना ईश्वरशास्त्रीहरूका अनुमानहरू, र धेरैजना कविहरू र उपन्यासकारहरू र मण्डलीबाट पछि हटेका प्राचीनहरूका सपनाहरू हुन्। मैले त्यसविरुद्ध अहिलेसम्ममा भेट्टाएका कुराहरू यति नै हुन्।

पाप एउटा नैतिक रोग हो। त्यो हाम्रो शरीरमा टाँसिन केही समय बाँकी हुन सक्दछ, तर त्यो टाँसिनेछ। कुनै मानिस पापमा रहिरहन्छ र अगाडि बढिरहन्छ र पश्चाताप नगरीकन अगाडि बढिरहन उसलाई अनुमति दिइन्छ भने, ऊसँग नरक मात्र बाँकी रहेको हुन्छ भन्ने कुरा सबैलाई थाहा छ। अनि नरक विरोधी एक मात्र सिद्धान्त ईश्वरशास्त्रीहरू र केही प्राचीन मूर्ख दर्शनशास्त्रीहरूको अनुमान हो।

मसँग एकातिर मानिसहरूका अनुमानहरू, दर्शनशास्त्रीहरूका सिद्धान्तहरू र केही ईश्वरशास्त्रीहरूका धारणाहरू छन्, र अर्कोतिर मसँग

परमेश्वरको वचन र ख्रीष्टको वचन छन्, अनि कुनलाई रोज्ने भनी निर्णय गर्न मलाई धेरै समय लाग्दैन ।

**सर्वनाश ?**

**प्रश्न**: के सामान्यतया नरक नै अविश्वासीहरूको गन्तव्य हुनेछैन र ?

**जवाफ**: बाइबलले बताउँदछ कि पापको, र विशेष गरी मुक्तिदातालाई अस्वीकार गर्ने सबैभन्दा ठूलो पापको परिणाम स्वरूप, आफ्ना पाप स्वीकार नगर्ने र मुक्ति पाउनको लागि ख्रीष्टलाई ग्रहण नगर्नेहरूले मृत्युपश्चात् अघ्घोर कष्ट भोग्नुपर्दछ ।

यो बुँदामा धेरै अलमलिनु आवश्यक छैन । मानिसले यो जीवन जसरी जिए तापनि, मर्दाखेरि ऊ आशिषित अवस्थामा प्रवेश गर्नेछ भन्ने विश्वव्यापी पुरानो अपरिष्कृत धारणा दाहसंस्कारको बेलामा दिइने प्रवचनहरूमा बाहेक अन्यत्र पूर्ण रूपमा हराएको छ । यदि त्यो साँचो भएको भए, शहरका फोहोर बस्तीहरूमा बस्ने मानिसहरू र अन्य अभागीहरूलाई हामीले गर्न सक्ने सबैभन्दा दयालु कामचाहिँ तिनीहरूलाई कत्ति पनि नदुख्ने तरिकाले एकै पटकमा मारिदिनु हुन्थ्यो होला । तर बाइबलको एउटा वाक्य लिनुहोस् - र यो वाक्यले येशूका वचनहरू प्रस्तुत गर्दछ:

> "अनि तिम्रो दाहिने आँखाले तिमीलाई ठेस खुवाउँछ भने त्यसलाई निकालेर आफूदेखि फालिदेऊ; किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा फालिनुभन्दा तिम्रा अङ्गहरूमध्ये एउटा नष्ट हुनु नै तिम्रा निम्ति लाभदायक हुन्छ ।" (मत्ती ५:२९)

निश्चित रूपमा हाम्रा प्रभुका यी वचनहरूको अर्थ यो हो कि पाप गर्ने र पश्चाताप नगर्नेहरूको लागि मृत्युपश्चात् त्यस्तो अघ्घोर कष्ट आउँदछ कि त्योभन्दा त अहिले हुन सक्ने सबैभन्दा ठूला विपत्तिहरू नै वेश हुन्छन् ।

**नरकमा चेतना ?**

**प्रश्न**: के नरकमा परेका मानिसहरू होशमा हुन्छन् ?

**जवाफ**: हजुर, नरकमा परेका मानिसहरू होशमा हुन्छन् भनी बाइबलले बताउँदछ। तिनीहरू नाश हुनेछैनन्, न त कुनै अचेत अवस्थामा नै रहनेछन्। नरकका कष्टहरू अत्यन्त वास्तविक हुन्छन्।

यही नै लूका १६:१९-३१ को प्रष्ट शिक्षा हो, जुन खण्ड भविष्यको संसारमा हुने धनी मानिस र लाजरसको कथा हो। हाम्रा मालिकका प्रष्ट वचनहरूको वास्तविक अर्थ त्यो होइन भनी व्याख्या गर्न हर तरहले प्रयास गरिएका छन् तर तर्कहरूले नरकको डरलाग्दो वास्तविकता परिवर्तन गर्दैनन्।

हराएका मानिसहरूले नरकमा सचेत अवस्थामै रहेर कष्ट भोग्दछन् भन्ने कुरा प्रकाशको पुस्तकका निम्नलिखित खण्डहरूमा पनि प्रष्ट रूपमा बताइएको छ:

"अनि तेस्रो स्वर्गदूतले ठूलो सोरले यसो भन्दै तिनीहरूलाई पछ्याए: 'यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिको पूजा गर्छ, र आफ्नो निधारमा वा आफ्नो हातमा *त्यसको* निशान लिन्छ भने, त्यसैले परमेश्वरको क्रोधको मद्यबाट पिउनेछ, जुनचाहिँ उहाँको क्रोधको कचौरामा पन्यालो नपारीकन खन्याइएको छ; अनि पवित्र स्वर्गदूतहरूका सामु र थुमाका सामु **त्यो** आगो र गन्धकद्वारा **पीडित पारिनेछ**; र तिनीहरूको पीडाको धूवाँ सदासर्वदा उँभोतिर उठिरहनेछ; अनि जसले त्यो पशु र त्यसको मूर्तिको पूजा गर्छन्, र जसकसैले त्यसको नामको निशान लिन्छ, तिनीहरूले **दिनरात विश्राम पाउनेछैनन्**।" (प्रकाश १४:९-११)

यसले निश्चित रूपमा नै सचेत अवस्थामा भोगिने सबैभन्दा गम्भीर प्रकारको कष्टलाई जनाउँदछ र यसलाई अरू कुनै पनि तरिकाले निष्पक्ष रूपमा र ईमानदारीपूर्वक व्याख्या गर्न सकिँदैन।

"अनि तिनीहरूलाई धोका दिने शैतान आगो र गन्धकको कुण्डभित्र फ्याँकियो, जहाँ त्यो पशु र त्यो झूटो भविष्यवक्ता पनि छन्, अनि **दिनरात सदासर्वदा तिनीहरू पीडाले तडपाइनेछन्**।" (प्रकाश २०:१०)

अत्यन्त प्रष्ट रूपमा नै, यी वचनहरूले सचेत अवस्थामा भोगिने यातनाबारे बताउँदछन् ! तिनीहरूले "दिनरात" विश्राम पाउनेछैनन् भनी हामीलाई भनिएको छ। यदि त्यो यातना सचेत अवस्थामा नहुने भए, कुनै पनि ईमानदार वक्ता वा लेखकले त्यो भाषा प्रयोग गर्न असम्भव हुन्छ।

## के शरीर नरकमा हुन्छ ?

**प्रश्न**: अविश्वासीको शरीर पनि नरकमा हुन्छ कि उसको आत्मा मात्र ?
**जवाफ**: हराएकाहरूले आउने संसारमा भोग्ने कष्टमा प्राणको साथमा शरीर पनि सहभागी हुनेछ। हामीले उद्धरण गरेको पद लिनुहोस्। यो पदमा येशू खीष्ट भन्नुहुन्छ, "शरीर" - र यो शब्दद्वारा उहाँले प्रष्ट रूपमा भन्नुहुन्छ, "शरीर नरकमा फालिनेछ"। हाम्रा प्रभुको अर्को वचन लिनुहोस्:

> "अनि शरीरलाई मार्ने, तर प्राणलाई चाहिँ मार्न नसक्नेहरूसँग नडराओ; तर बरु उहाँसँग डराओ, जसले प्राण र शरीर दुवैलाई नरकमा नष्ट गर्न सक्नुहुन्छ।" (मत्ती १०:२८)

अब हामी सबैभन्दा प्रष्ट र निश्चित रूपमा भन्न सक्दछौं कि प्राणको साथसाथै शरीरले पनि नरकको "विनाश" भोग्नुपर्दछ। आउने संसारमा न आशिषित न त हराएकाहरू नै शरीरदेखि अलग भएका आत्माहरूको रूपमा रहनेछन्। धर्मी र अधर्मीहरूको बौरिउठाइ हुनुपर्दछ।

यसलाई हाम्रा मालिकले यूहन्ना ५:२८,२९ मा प्रष्ट पार्नुहुन्छ। उहाँ भन्नुहुन्छ:

> "यस कुरामा अचम्भ नमान; किनभने त्यो घडी आइरहेको छ, जसमा चिहानभित्र रहेका सबैले उनको सोर सुन्नेछन्, अनि भलो गर्नेहरू जीवनको बौरिउठाइको निम्ति, र दुष्ट काम गर्नेहरूचाहिँ दण्डको बौरिउठाइको निम्ति निस्की आउनेछन्।"

बौरिउठाइ त शरीरसँग मात्र सम्बन्धित हुन्छ। आत्मा जीर्ण हुँदैन र कुहुँदैन र त्यसैकारण त्यसको बौरिउठाइ हुनुपर्दैन।

भर्खरै उद्धृत खण्डले यसो भन्दछ, "चिहानभित्र रहेका सबै।" "चिहानभित्र रहेका" के हो ? शरीर र केवल शरीर। हराएका मानिसहरू मर्दाखेरि तिनीहरूका आत्मा पातालमा जान्छन्; शरीर (र केवल शरीर) चिहानभित्र जान्छन् जहाँ ती टुक्रिएर धूलो बन्दछन्। बौरिउठाइमा शरीर बौराइन्छ र आत्मा त्यसमा मिल्दछ। मृत्युमा, उद्धार गरिएकाहरूका आत्मा सचेत र आशिषित अवस्थामा ख्रीष्टसँग रहनलाई छुट्टिन्छन्, जुन कुरा हामीले हालको जीवनमा शरीरमा अनुभव गर्ने सबैभन्दा आशिषित अवस्थाभन्दा अत्यन्त बढी उत्तम हुन्छ भनी पावल भन्दछन्। (फिलिप्पी १:२१-२३)

हाम्रा प्रभुको पुनरागमन हुनुभन्दा पहिला बितिजाने उद्धार गरिएका जनहरूका शरीर टुक्रिएर धूलो हुन्छन्। ख्रीष्टको दोश्रो आगमन हुँदा आशिषितहरूका शरीर बौराइन्छन् र तिनीहरूका मुक्त पारिएका आत्माहरूसँग फेरि मिल्दछन्। ख्रीष्टको दोश्रो आगमनपश्चात् त्यो छुटकारा पाएको आत्माले आफू सुहाउँदो मुक्त शरीर धारण गर्नेछ र त्यसभित्र वास गर्नेछ, अनि त्यसको सबै आनन्दमा त्यससँग सहभागी हुनेछ। तर हराएको आत्माले आफू सुहाउँदो हराएकै शरीर धारण गर्नेछ र त्यसभित्र वास गर्नेछ, र त्यसको सबै कष्टमा त्यससँग सहभागी हुनेछ।

नरकका शारीरिक यातनाहरू भविष्यमा दिइने दण्डको सबैभन्दा महत्वपूर्ण पक्ष होइन, र मानसिक पीडा, पछुतोको पीडा, लाजको पीडा, निराशाको पीडा अकल्पनीय रूपमा खराब हुन्छन्; तैपनि शारीरिक कष्ट नै भविष्यमा दिइने दण्डको विशेषता हो जुन पीडाजस्तो कुनै पनि कुरा पृथ्वीमा हुँदैन।

**प्रश्न**: नरक किन अस्तित्वमा छ ? नरक किन आवश्यक छ ?

**जवाफ**: यदि मानिसहरू पापमै जिइरहन्छन् भने, यदि तिनीहरूले परमेश्वरलाई अस्वीकार गरिरहन्छन् भने, तिनीहरूलाई राख्ने नरक हुनुपर्दछ भन्ने कुरा सही र उचित हुन्छ। यदि मानिसहरूले मुक्तिलाई भन्दा पापलाई नै रोज्दछन् भने, यदि तिनीहरूले परमेश्वरलाई भन्दा अधर्मलाई

नै रोज्दछन् भने, संसारको लागि र परमेश्वरको महिमाको लागि नरक हुनु उचित र सही हुन्छ ।

कानून उल्लङ्घन गर्नेहरूलाई थुन्ने भ्यालखानाहरू र बन्दीगृहहरू हुनुपर्दछ भन्ने कुरा सही र उचित हो । अनि भ्यालखानाहरू र बन्दीगृह नभएका भए, दण्डको भय नभएको भए, तपाईंको जीवन सुरक्षित हुनेथिएन । दण्डको भयले नै धेरै मानिसहरूलाई नियन्त्रण गर्दछ । गल्तीको सजाय हटाइन्छ भने, अधर्मको बाढी आउने ढोकाहरू खोलिन्छन् । हत्या गर्नुको दण्ड हटाइन्छ भने, म तपाईंलाई भन्दछु, सडकहरूमा रगतको खोला बग्नेछ । घर फुटाउनु वा ढुकुटी फुटाउनुको दण्ड हटाइएमा, चोरी र डकैती व्याप्त हुनेछन् ।

दण्डको, भ्यालखानाको, बन्दीगृहको र फाँसी वा करेन्ट लगाइने कुर्सीको डरले नै धेरै मानिसहरूलाई नियन्त्रण गर्दछ । अपराधको दण्ड दिइन्छ भन्ने सत्यता हटाइएमा, अधर्मको बाढी आउने ढोकाहरू खोलिन्छन् ।

स्वर्ग जति मात्रामा परमेश्वरको प्रेमको प्रस्तुति हो, नरक पनि त्यति नै मात्रामा उहाँको प्रेमकै प्रस्तुति हो । कानून पालना गर्न नचाहने मानिसहरूको लागि भ्यालखानाहरू बनाउनु सही र उचित हो । कानून उल्लङ्घन गर्नेहरूलाई कानून पालना गर्ने मानिसलाई जति नै स्वतन्त्रता दिइँदैन, र परमेश्वरको सेवा नगर्ने मानिसलाई उहाँको सेवा गर्नेलाई जस्तै अधिकारहरू दिइँदैन । तपाईंको सहज बुद्धिले नै त्यो कुरा तपाईंलाई बताउँदछ !

नरक तयार पार्नुभएर, परमेश्वरले आफ्नो व्यवस्था कायम राख्ने अर्थमा आफ्नो न्याय प्रकट गर्नुभयो । तर उहाँले तपाईं नरक जानदेखि बच्न सक्नुहुने तरिका उपलब्ध गराउनुभएर उहाँको प्रेम पनि देखाउनुहुन्छ । परमेश्वर आफ्नो व्यवस्था रद्द गर्नुको सट्टा वा त्यसलाई कुल्चने मानिसहरूलाई कष्ट दिनुको सट्टा, मानिसहरू नरकदेखि बाँचून् भन्ने एउटा योजना शुरू गर्नको लागि आफ्ना पुत्र दिन इच्छुक हुनुभयो । परमेश्वरले त्यसो गर्नुभयो भन्ने सत्यताले त्यसको उत्तरदायित्व परमेश्वरको

काँधबाट झिकेर तपाईंमाथि राखिदिन्छ । उहाँले वास्ता नगर्नुभएको भए, छुटकाराको प्रबन्ध गर्नुहुन्थेन ।

## नरकको अन्त्य ?

**प्रश्न**: के नरक कुनै समयमा अन्त हुनेछैन ?

**जवाफ**: "अनन्त" शब्दको अर्थ अनन्त होइन भनेर केही मानिसहरूले तपाईंलाई भन्नेछन् । यदि नरक अनन्त होइन भने, स्वर्ग पनि अनन्त होइन । सुन्नुहोस् !

> "कतिचाहिँ अनन्त जीवनको निम्ति अनि कतिचाहिँ शर्म र अनन्तका घृणाको निम्ति ब्यूँझनेछन् ।" (दानियल १२:२)

यदि अनन्त जीवन अनन्त हो भने, सहज बुद्धिका सबै नियमहरूद्वारा अनन्त दण्ड पनि अनन्त हुन्छ । अनि मैले बाइबलभरि खोजेको छु र म तपाईंलाई भन्दछु कि नरकमा हुनेहरूको लागि आशाको एउटा पनि शब्द म भेट्टाउन सक्दिनँ ।

## मरेकाहरूको लागि प्रार्थना गर्नु ?

**प्रश्न**: के हामीले मरेकाहरूको लागि प्रार्थना गर्न र तिनीहरूलाई नरकबाट निकाल्न सक्दैनौं ?

**जवाफ**: अहँ ! कुनै मानिस मर्दछ भने, ऊ या त स्वर्ग या नरकमा जान्छ ।

> "अनि यी कुराहरूबाहेक, यहाँबाट पारि तिमीहरूकहाँ जान चाहनेहरू जान नसकून्, र त्यहाँबाट आउन चाहनेहरू पनि हामीकहाँ आउन नसकून् भनी हामी र तिमीहरूको बीचमा एउटा ठूलो खाँद राखिएको छ ।" (लूका १६:२६)

**नरकबाट फिर्ता आउन सकिँदैन**, र त्यसकारण यदि कसैले यो जीवनमा खीष्टलाई आफ्ना मुक्तिदाता भनी ग्रहण गर्दैन भने, उसको उद्धार हुन सक्दैन । त्यसैकारण **अहिले नै उद्धार पाउनु** - अनन्त जीवन पाउनको लागि अहिले नै मसीहकहाँ आउनु - **अत्यन्त महत्वपूर्ण हुन्छ** ।

बितेका साथीहरूको लागि प्रार्थना गर्नुले तिनीहरूलाई कत्ति पनि सहायता गर्न सक्दैन । तर एक विश्वासीले आफ्नो परिवार, साथीहरू र अरूको निम्ति प्रार्थना **गर्नुपर्दछ** जो अझै पनि पृथ्वीमा जिइरहेका हुन्छन्, ताकि तिनीहरू तिनीहरूका पापदेखि र नरकदेखि बाँचून् । अनि ख्रीष्टमा साँचो विश्वासले मात्र अरूको निम्ति प्रभावकारी रूपमा प्रार्थना गर्न सक्दछ । साँच्चै नै, हाम्रा प्रार्थनाहरूले उद्धार गराउने होइन, तर परमेश्वरको अनुग्रहले नै उद्धार गराउँदछ । तर विश्वासको प्रार्थना नै परमेश्वर सुन्न चाहनुहुन्छ ।

"धर्मी जनको प्रभावकारी प्रार्थनाले धेरै कुरा प्राप्त हुन्छ ।"
(याकूब ५:१६)

त्यसैकारण, पृथ्वीमा जिइरहेका अरूको निम्ति प्रार्थना गरेर विश्वासी परमेश्वरको काममा सहभागी हुन सक्दछ । तर मरेकाहरूको लागि प्रार्थना गर्नु भने व्यर्थ हुन्छ ।

## कुन कुराले हाम्रो भविष्य निर्धारण गर्दछ ?

**प्रश्न**: हाम्रो भविष्य - हामी स्वर्ग जान्छौं कि नरक भन्ने कुरा - वास्तवमा कुन कुराले निर्धारण गर्दछ ?

**जवाफ**: मानिसको भविष्यको गन्तव्य येशू ख्रीष्टसँगको उसको व्यवहार अर्थात्, मुक्तिदाताप्रतिको उसको व्यवहारमाथि भर पर्दछ । परमेश्वरले हाम्रा मनमा विश्वासका बीउहरू रोपिदिनुहुन्छ, र हामीले उहाँको अनुग्रह स्वीकार गरौं भनी उहाँ आशा गर्नुहुन्छ । केवल ख्रीष्टमाथिको विश्वासले नै हाम्रो भविष्य निर्धारण गर्दछ भन्ने कुरा देखाउन एउटा खण्ड पर्याप्त हुन्छ । हामी धेरैवटा पदहरू उद्धरण गर्न सक्दछौं, तर यो एउटा नै पर्याप्त हुन्छ:

"जसले पुत्रमाथि विश्वास गर्दछ, ऊसँग अनन्त जीवन हुन्छ; अनि जसले पुत्रलाई विश्वास *(अर्थात् भरोसा)* गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहन्छ ।" (यूहन्ना ३:३६)

# ईमानदार मानिसहरूले चेताउनी दिनुपर्दछ !

**जे.सी. राइलद्वारा लिखित**

(उन्नाइसौं शताब्दीका एक एङ्गलिकन विशप)

***"दुष्ट अधोलोकमा फर्कनेछन्"***

(भजन संग्रह ९:१७)

**अरूले चाहन्छन् भने, तिनीहरू नरकबारे मौन नै रहून् । म त त्यसो गर्न सक्दिनँ । म यो कुरा बाइबलमा प्रष्ट रूपमा देख्दछु, र मैले यसबारे बताउनै पर्दछ ।** हजारौं मानिसहरू नरकतर्फ जाने फराकिलो बाटोमा हिँडिरहेका देखेर म डराउँदछु, र मैले तिनीहरूको अगाडि रहेको विनाशबारे तिनीहरूलाई सचेत तुल्याउनुपर्दछ ।

आफ्नो छिमेकीको घर आगो लागेर खरानी हुने खतरामा परेको देखेर पनि "आगो-आगो" भनेर कहिल्यै पनि नचिच्चाउने मानिसको बारेमा तपाईं के भन्नुहुन्छ ? यदि तपाईं चाहनुहुन्छ भने नरकको बारेमा बताउनुलाई नराम्रो अनुभव भन्नुहोस् । सबै कुराहरू असल बनाउन त्यसलाई परोपकार भन्नुहोस् र मधुर आवाजमा बोल्नुहोस्, र शान्तिको कथा निरन्तर सुनाएर मानिसहरूलाई शान्त पार्नुहोस् । अनुभव र परोपकारका यस्ता विचारहरूदेखि म कहिले मुक्त हुन सकूँला !

परोपकारसम्बन्धी मेरो धारणा मानिसहरूलाई तिनीहरूको खतराबारे प्रष्ट रूपमा चेताउनी दिनु हो । अनुभवसम्बन्धी मेरो धारणा परमेश्वरको सबै सल्लाह घोषणा गर्नु हो । यदि म नरकबारे कहिल्यै बोल्दिनँ भने, मैले कुनै लाभदायी कुरा लुकाइरहेको छु भन्ने म ठान्दछु र आफूलाई शैतानको सहयोगीको रूपमा हेर्दछु ।

नरक र दण्डको अनन्ततासम्बन्धी नयाँ र अनौठा सिद्धान्तहरूबारे सचेत हुनुहोस् । आफ्नै परमेश्वर - सबैलाई प्रेम गर्ने परमेश्वर तर

अपवित्र - सबैको लागि स्वर्ग बनाउनुहुने तर कसैको लागि पनि नरक नबनाउनुहुने परमेश्वर - अहिले पक्ष-पक्ष गरेर असल र खराब कुरा हुन दिने, तर अनन्ततामा असल र खराबबीच कुनै भिन्नता नछुट्याउनुहुने परमेश्वर - नबनाउन होशियार हुनुहोस् ।

यस्तो परमेश्वर तपाईं आफैले बनाउने देवता हो जुन वृहस्पति वा माटोले बनाइएको मूर्तिजस्तै वास्तविक हुन्छ । तपाइँकै कल्पना र भावनाका हातहरूले उसलाई बनाएका छन् । यस्तो "परमेश्वर" बाइबलका परमेश्वर होइन, तर तपाईंको आफ्नै सृष्टि हो । अनि तपाईंको स्वर्ग पनि वास्तविक स्वर्ग हुँदैन ।

अन्धाधुन्ध रूपमा मिसिएका सबै प्रकारका चरित्रहरू भएको स्वर्ग वास्तवमा एउटा दयनीय विसङ्गति हुन्छ । यस्तो स्वर्गको अनन्ततालाई धिक्कार ! त्यो र नरकबीच अलिकति मात्र भिन्नता हुन्छ । पाठकवृन्द, नरक छ ! ध्यान दिनुहोस् नत्र तपाईंले थाहा पाउन ढिलो हुनेछ ।

लेखिएको कुराभन्दा बढी बुद्धिमान् नहुन होशियार हुनुहोस् । आफ्नै काल्पनिक सिद्धान्तहरू बनाउन र त्यसपछि बाइबललाई तीसँग समान बनाउने प्रयास गर्नदेखि होशियार हुनुहोस् । तपाईंको अनुभवसँग मेल खाने गरी बाइबलका खण्डहरू रोज्नदेखि - आफ्नो सोचाइ नै उत्तम हो भन्ने ठानेर बिग्रिएको बालकले जस्तै अस्वीकार गर्नदेखि - आफ्नो सोचाइ नै उचित हो भन्ने ठानेर बिग्रिएको बालक झैं हठी बन्नदेखि - होशियार हुनुहोस् ।

सानो चक्कु झिकेर परमेश्वरको वचनलाई टुक्रै-टुक्रा पारेमा के हुन्छ र ? तपाईं एक निरीह, दुई दिन बाँच्ने कीराले आफ्नो लागि कुन कुरा असल हुन्छ भनी परमेश्वरलाई भन्दा आफूलाई बढी राम्रोसँग थाह छ भन्नुको के औचित्य हुन्छ र ?

त्यसले केही काम गर्नेछैन; त्यसले केही फरक पार्नेछैन ! तपाईंले बाइबललाई जस्ताको तस्तै लिनुपर्दछ । तपाईंले त्यो पूरै पढ्नुपर्दछ, र विश्वास गर्नुपर्दछ । तपाईंले एक बालकले झैं बाइबल पढ्नुपर्दछ । यसो नभन्नुहोस्, "म यो पदलाई विश्वास गर्दछु, किनकि म यो मन पराउँदछु; म यसलाई ग्रहण गर्दछु, किनकि म यसलाई बुझ्न सक्दछु; म यसलाई अस्वीकार गर्दछु, किनकि म यसलाई मेरा दृष्टिकोणहरूसँग मिलाउन सक्दिनँ ।"

अहँ ! "ए मानिस, तँ किन परमेश्वरको विरुद्धमा बोल्दछस् ?" तपाईं कुन अधिकारले यसरी कुरा गर्नुहुन्छ ? परमेश्वरको वचनको हरेक अध्यायबारे "हे प्रभु, बोल्नुहोस्, किनकि तपाईंको दास सुन्दैछ" भन्नु निश्चय पनि उत्तम हुन्छ ।

पाठकवृन्द, मानिसहरूले त्यसो गर्ने भए, दुष्टको अनन्त दण्डको सिद्धान्तलाई हटाउन तिनीहरूले कहिल्यै प्रयास गर्दैनथे ।

> "अनि तिनीहरू अनन्त दण्डमा जानेछन्; तर धर्मीहरू अनन्त जीवनमा पस्नेछन् ।" (मत्ती २५:४६)

## "अनि नरकमा त्यसले आफ्नो आँखा उठायो"

अहो ! **डरलाग्दो घोषणा** । मृत्युशैय्याको दृश्य बितिसकेको छ । लास राख्ने बाकस ल्याएर त्यसमा राम्रोसँग लास राखिन्छ । शोक गर्नेहरू वरिपरि रुँदै उभिन्छन, साथीहरूले अफसोस र सहानुभूतिका शब्दहरू भन्दछन् ।

कालो गाडी पछाडि हट्दै ढोकासम्म आइपुग्दछ र त्यो बाकस बोक्नेहरूले तपाईंको चिसो जीवनहीन शरीर बाहिर निकाल्दछन् । त्यो मानिसलाई धिक्कार ! जोसँग प्रार्थना गर्ने, मण्डली जाने वा अनन्तताको लागि तयारी गर्ने समय कहिल्यै पनि थिएन, ऊसँग कम्तिमा पनि मर्ने समयचाहिँ रहेछ ।

त्यसपछि मण्डलीको पङ्क्ति मरेकाहरूको सुनसान शहरतिर अगाडि बढ्दछ । चिहान खोलिन्छ; लासलाई पृथ्वीको चिसो काखमा ओरालिन्छ । माटोका डल्लाहरू चिहानमा फालिन्छन्, र सेवकले यो वचन बोल्दछ, "माटोको शरीर माटोमै मिल्दछ ।"

परिवार घर फर्किन्छ । विश्रामस्थलमा नयाँ चिहान बनाइन्छ; आगोको चूलो वरिपरि एउटा ठाउँ खाली हुन्छ र एउटा परिचित आवाज सुनिँदैन । रुनेहरूका आँसु ढिलो वा चाँडो रोकिनेछन्, आघात परेका हृदयहरू निको हुनेछन् - र तपाईंलाई बिर्सिइन्छ ।

तर के यति नै हो त ? अहँ, होइन ! "नरकमा त्यसले आफ्ना आँखा उठायो ।" त्यो चिच्चाएको सुन्नुहोस्, "यो नरक हो र म यहाँ छु ! मैले यो ठाउँको बारेमा प्रायः सुन्दथेँ र यस्तो कुनै पनि ठाउँ थिएन भनी विश्वास गर्ने प्रयास गर्दथेँ, तर अन्तमा म यहाँ आइपुगेँ । अहो, मैले फेरि अर्को जीवन जिउनुपाए हुन्थ्यो । यो धूवैं-धूवाँ, अँध्यारो, फोहोर संसारलाई हेर न ! यो शुद्ध पार्ने स्थान कहाँ छ जसको बारेमा मलाई भनिएको थियो ? म धोकामा पारिएको छु । अहो, मैले त नरक छैन भनी सिकाएका झूटा

शिक्षकहरूलाई विश्वास गरें ! तिनीहरूकै कारण मैले मेरो प्राण गुमाएँ । मैले त बाइबललाई विश्वास गर्ने मानिसको कुरा पो सुन्नुपर्ने रहेछ ।

"म नरकमा छु ! नरकमा ! नरकमा ! निराशाका यी अँध्यारा गुफाहरू ***सदासर्वदाको लागि*** मेरा घर हुन् । यो नरक हो ! यो नरक हो ! म नरकमा छु ! यो यति नजीकै थियो भनी के मैले सोचेको थिएँ ? किन, मैले संसारको मेरो घर दश मिनेटअघि मात्र छोडें, र अहिले म नरकमा छु ? अहो, के यो सम्भव छ ? अहो, यो एउटा सपना मात्र भइदिए हुन्थ्यो र संसारमा फर्केर जाने मौका पाउनुपाए हुन्थ्यो ! म परमेश्वरको कति सेवा गर्नेथिएँ । तर मेरो कटनी बितिसकेको छ, मेरो सुनौलो मौका समाप्त भएको छ, मेरो समय पूरा भएको छ । म हराएँ ! हराएँ ! हराएँ !

## हराएको !

संसारको आनन्दमा हराएको, जसलाई एक पटक तपाईंको प्राणले जितेथ्यो !
मनमा साँचेको संसारको मित्रलाई केवल दुःखमा हराएको,
कहिल्यै पूरा नभएका भताभुङ्ग आशाहरूमाझ हराएको,
हराएको ! मोह भङ्ग भएको छ,
पीडाका अटुट लहरहरू कहिल्यै नटुङ्गिने ठाउँमा हराएको,
परमेश्वरको क्रोधको ज्वालाले प्राणलाई गाँज्ने स्थानमा हराएको,
सान्तवना दिने आशाको कुनै किरण नै नदेखिने स्थानमा हराएको
अनन्त विनाशमा हराएको

*- जे.एम. हम्फ्री*

**"मानिसका पुत्र *य'शूआ (येशू मसीह)***
**हराएकोलाई खोज्न र मुक्त गर्न आएका हुन् ।"**
(लूका १९:१०)

## नरकसम्बन्धी बाइबलीय विवरण !

| | |
|---|---|
| • अग्निकुण्ड | (प्रकाश २०:१५) |
| • अथाह कुण्ड | (प्रकाश २०:१) |
| • प्रचण्ड आँधी | (भजन संग्रह ११:६) |
| • भस्म गर्ने आगो | (यशैया ३३:१४) |
| • मृत्युका पासाहरू | (भजन संग्रह १८:५) |
| • रुवाबासीको स्थान | (मत्ती १३:४२) |
| • दाह्राकिटाइको स्थान | (मत्ती ८:१२) |
| • आगोको भट्टी | (मत्ती १३:४२) |
| • भयानक पीडा हुने स्थान | (लूका १६:२३) |
| • अनन्त जलन | (यशैया ३३:१४) |
| • अशुद्धताको स्थान | (प्रकाश २२:११) |
| • परमेश्वरको निन्दा गरिने स्थान | (प्रकाश १६:११) |
| • अनन्त विनाश | (२ थेस्सलोनिकी १:९) |
| • बाहिर अँध्यारो हुने स्थान | (मत्ती २५:३०) |
| • तड्पिनुपर्ने ठाउँ | (लूका १६:२८) |
| • कहिल्यै पनि पश्चाताप गर्न नसकिने स्थान | (मत्ती १२:३२) |
| • दया माग्दै चिच्चाइने ठाउँ | (लूका १६:२४) |
| • अनन्त दण्ड दिइने स्थान | (मत्ती २५:४६) |
| • जिब्रो चपाइने स्थान | (प्रकाश १६:१०) |
| • सदासर्वदा घोर अन्धकार हुने स्थान | (यहूदा १३) |
| • शैतान र त्यसका दूतहरूको निम्ति तयार पारिएको स्थान | (मत्ती २५:४१) |
| • पानी माग्दै चिच्चाइने स्थान | (लूका १६:२४) |
| • गन्धकद्वारा पीडा दिइने स्थान | (प्रकाश १४:१०) |
| • कुकुरहरू (घृणितहरू), टुनामुना गर्नेहरू, व्यभिचारीहरू हुने स्थान | (प्रकाश २२:१५) |
| • परमेश्वरको क्रोधको मद्यबाट पिइने स्थान | (प्रकाश १४:१०) |
| • कीरा (पीडा) नमर्ने र आगो ननिभ्ने स्थान | (मर्कूस ९:४८) |
| • प्रियजनहरू नआऊन् भनी चाहना गरिने स्थान | (लूका १६:२८) |

# "मेरा पिताको घरमा धेरै वासस्थानहरू छन्"

## डा. जोन आर. राइसद्वारा लिखित

---

जोन राइस प्रख्यात अमेरिकी प्रचारक थिए जो केही वर्ष पहिला बिते । ठीक अहिले उनले स्वर्गीय वासस्थानहरूमा आनन्द मनाइरहेका छन् भनी हामी विश्वास गर्दछौं - उनी असल भएका कारणले होइन, तर उनले प्रभु येशूलाई आफ्ना मुक्तिदाता भनी ग्रहण गरेका हुनाले - जुन मुक्तिदातालाई उनले जीवनका धेरै दशकसम्म एकदमै विश्वासयोग्यता साथ प्रेम र सेवा गरेका थिए । उनी *"The Sword of the Lord* (प्रभुको तरवार)" साप्ताहिकका सम्पादक थिए ।

---

म वृद्ध, थकित, रोगी मानिसहरूलाई भेट्न जाँदा, तिनीहरूले प्रायः मसँग यसरी सोधेका छन्, "यूहन्नाको सुसमाचारको चौधौं अध्याय पढिदिनुहोस् न ।" त्यसैले प्रभु येशू ख्रीष्टले उहाँका जनहरूलाई भन्नुभएका निम्नलिखित वचनहरू म पढ्दथें:

"तिमीहरूको हृदय विचलित नहोस्; तिमीहरू परमेश्वरमा विश्वास गर्दछौ, ममा पनि विश्वास गर । मेरा पिताको घरमा धेरै वासस्थानहरू छन्; त्यस्तो नहुँदो हो त म तिमीहरूलाई भन्नेथिएँ । म तिमीहरूको निम्ति ठाउँ तयार पार्न जान्छु । अनि मैले गएर तिमीहरूको निम्ति ठाउँ तयार पारेँ भने म फेरि आउनेछु; अनि म जहाँ छु, त्यहाँ तिमीहरू पनि होओ भनेर म तिमीहरूलाई आफूकहाँ लिनेछु । अनि म जहाँ जान्छु त्यो तिमीहरू जान्दछौ, अनि तिमीहरू बाटो चिन्छौ ।" थोमाले उहाँलाई भने: 'प्रभु, तपाईं कहाँ जानुहुन्छ, हामी जान्दैनौं; तब कसरी हामी बाटो चिन्न सक्छौं र ?' येशूले तिनलाई भन्नुभयो: "बाटो, सत्य र जीवन म नै हुँ; मद्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन । तिमीहरूले मलाई चिनेका भए मेरा पितालाई पनि चिनेका

हुन्थ्यौ; अनि अबदेखि उसो तिमीहरू उहाँलाई चिन्छौ, अनि उहाँलाई देखेका छौ ।" (यूहन्ना १४:१-७)

समस्यामा परेका, बिरामी र थकित, वा सतावटमा परेका विश्वासीहरूको लागि अरू कुनै पनि वचनभन्दा यो खण्ड नै सबैभन्दा बढी सान्तवनाप्रदक र सहयोगी भएको कुरामा कुनै शङ्का छैन ।

क्रूसमा टँगाइनुभन्दा अघिल्लो रातमा समेत, येशूले यसो भनेर शुरू गर्नुभयो: **"तिमीहरूको हृदय विचिलित नहोस् ।"** जसले त्यस्तो पीडा भोग्नुपर्दथ्यो, जसले गेत्समनीको बगैंचामा त्यस रात र भोलिपल्ट बिहान त्यस्तो दुःख भोग्नुपर्दथ्यो अनि हन्नास र कायफा अर्थात् महापूजाहारी र तिनका ससुराको सामु केरकार गरिनुपर्दथ्यो, त्यसपछि पिलातसको सामु केरकार गरिनुपर्दथ्यो, त्यसपछि कोर्रा लगाइनु, काँडाको मुकुट पहिरिनु, खप्परजस्तो आकारको डाँडासम्म क्रूस बोकेर जानुपर्दथ्यो र क्रूसमा टँगाइनुपर्दथ्यो - उहाँ सबै कुरा जान्नुहुन्थ्यो, र पनि उहाँले यसो भन्नुभयो, "तिमीहरूको हृदय विचलित नहोस् ।"

उहाँले हाम्रो बारेमा सोचिरहनुभएको थियो, र त्यो असल रहस्य हामीले जानौं भन्ने चाहना गरिरहनुभएको थियो । तपाईं विचलित हुनुपर्दैन । यो संसारमा तपाईंलाई सङ्कष्टहरू आउँदछन्, तर तपाईंले मन र हृदयमा शान्ति पाउन सक्नुहुन्छ । तपाईंको हृदय विचलित नहोस् । त्यसपछि उहाँले त्यसको कारण बताउनुहुन्छ ।

## १. स्वर्ग कति सुन्दर !

हामी विचलित हुनुपर्दैन भनी येशूले भन्नुभयो किनभने "मेरा पिताको घरमा धेरै वासस्थानहरू छन् ।" हामीले स्वर्गको बारेमा सोचौं भन्ने उहाँ चाहनुहुन्छ ।

असल, सभ्य मानिसहरू स्वर्गसम्बन्धी केही पुराना भजनहरू सुन्दाखेरि अलिकति मुस्कुराउँदछन् होला, जस्तै, ***"आमालाई भन, म त्यहाँ हुनेछु"***,

*“स्वर्गमा निराशा हुँदैन”, “दिनभन्दा पनि उज्यालो एउटा देश छ, र विश्वासद्वारा हामी त्यसलाई टाढामा देख्न सक्दछौं; किनकि पिताले बाटोमै पर्खनुहुन्छ, हाम्रो लागि त्यहाँ एउटा वासस्थान बनाउन । **शुभ विदाइ ।**”* स्वर्गसम्बन्धी धेरै भजनहरू छन् र ती भएकोमा म खुशी छु। येशूले भन्नुभयो, “यसैद्वारा आफूलाई सान्तवना देओ ! तिमीहरूको हृदय विचलित नहोस्, किनकि मेरा पिताको घरमा धेरै वासस्थानहरू छन् ।”

“**वासस्थानहरू ।**” माथि स्वर्गका वासस्थानहरू । यसबारे धेरै कुराहरू पाइन्छन् । यसरी भनिएको छ, “मेरा पिताको घरमा धेरै वासस्थानहरू छन् ।” प्रकाश २१:९-१० ले यसो भन्दछ, “यहाँ आऊ, म तिमीहरूलाई दुलही अर्थात् थुमाकी पत्नी देखाउनेछु । अनि उनले मलाई आत्मामा एउटा ठूलो र अग्लो पहाडमा लगे, र मलाई परमेश्वरतर्फबाट स्वर्गदेखि तल झरिरहेको त्यो महान् शहर पवित्र यरूशलेम देखाए ।”

यरूशलेम शहर सम्पूर्ण रूपले सिङ्गारिएको र महिमामा रहेको तपाईं देख्नुहुन्छ । ती सुनका सडकहरू, र मोतीका ढोकाहरू; जगका ढुङ्गाहरू मणी र सबै प्रकारका बहुमूल्य पत्थरहरू हुन् । अनि त्यो सुनौलो शहरमाथि पवित्र चमक छ । अहो, त्यहाँ साधारण घरहरू होइन, वासस्थानहरू छन् !

स्वर्गका आश्चर्यजनक रत्नहरू ! शहरका सम्पूर्ण सडकहरू सिसाजस्तै फट्टिक सुनले छापिएका छन् - अति सुन्दर ! अनि प्रत्येक ढोका एउटा सिङ्गै मोतीले बनेको छ । त्यसपछि, जगका ती ढुङ्गाहरू पनि !

मैले लेबनानको बालबेकमा महान् प्राचीन रोमका भग्नावशेषहरू देखेको छु । ती ढुङ्गाहरूमध्ये कुनै-कुनै त चारपाटे हुने गरी काटिएका र ६२ फीटसम्म लामो र १२ वा १४ फीटसम्म चाक्लो अनि हजारौं किलो तौल भएका छन् !

तर त्यहाँ कुनै पनि स्थानमा त्यस्ता बहुमूल्य ढुङ्गाहरूको सुन्दर जग कहिल्यै पनि थिएन जुन ढुङ्गाहरू स्वर्गीय यरूशलेमको महान् शहरका

पर्खालहरूको जग हुनेछन् । मानौं कि ती अस्तित्वमा आइसकेका छन् किनकि त्यो शहर तयार पारिसकिएको छ र यूहन्नाले त्यसलाई पहिला नै देखे । त्यसैले त्यो सुन्दर शहर बनाइसकिएको छ ।

## २. मृत्यु, पीडा, दुःख, आँसु, सबै हराए !

त्यति मात्र होइन । तपाईंको हृदय विचलित नहोस्, किनभने स्वर्गमा तपाईंले आरामको समय बिताउनुहुनेछ ! हामी प्रकाश २१:१,३,४ मा यसरी पढ्न पाउँदछौं:

> "अनि मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें; किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितेर गए; अनि उसो समुद्र रहेन ।....अनि मैले स्वर्गबाट यसो भन्दै गरेको एउटा ठूलो आवाज सुनें: 'हेर, मानिसहरूसित परमेश्वरको निवासस्थान ! अनि उहाँ उनीहरूसित वास गर्नुहुनेछ, अनि उनीहरू उहाँका मानिसहरू हुनेछन्, अनि *यवे* आफै उनीहरूसित हुनुहुनेछ र उनीहरूका परमेश्वर हुनुहुनेछ । अनि परमेश्वरले उनीहरूका आँखाहरूबाट सबै आँसु पुछिदिनुहुनेछ; अनि मृत्यु कहिल्यै हुनेछैन, न त शोक, न रुवाइ, न कहिल्यै पीडा नै हुनेछ; किनकि पहिलेका कुराहरू बितिसकेका छन् ।'"

हामी येशू र पितासँग हुनेछौं । हामी अहिले परमेश्वर पितालाई देख्न सक्दैनौं; हामी परमेश्वरको महिमा देख्न र जीवित रहन सक्दैनौं । परमेश्वर आत्मा हुनुहुन्छ । तर एक दिन हामी उहाँजस्तै र येशूजस्तै हुनेछौं, र येशूले पितालाई चिन्नुभएजसरी हामी पनि चिन्नेछौं ।

अनि अहो, परमेश्वरले हाम्रा सबै आँसु पुछिदिनुहुनेछ ! यो संसारमा केही दुःख भोग्न मलाई समस्या छैन, किनभने म यसलाई विदा गर्ने समयको प्रतीक्षा गर्दछु । मेरो एउटा गीतले यसो भन्दछ;

*हामी येशू हाम्रा मुक्तिदाताका आगमनको प्रतीक्षा गर्दछौं,*
*बादलमा उठाइलगिने र्‍याप्चरको आशा गर्दै,*

*संसारमा दुःखहरू छन्, हामी तिनलाई खुशीसाथ छोड्नेछौं ।*
*तुरही चर्को स्वरमा बज्दा, हामी हाम्रा आँसु पुछ्नेछौं ।*

प्रभु येशूले आँसु पुछिदिनुहुनेछ । महिमामा डाँडाहरूहुँदो चिहानहरू हुनेछैनन्, जसरी अर्को मीठो भजनले भन्दछ:

*स्वर्गमा कुनै निराशा हुँदैन,*
*थकान, दुःख वा पीडा हुँदैन;*
*चोट परेका र टुटेका हृदयहरू पनि हुँदैनन्;*
*कोरस दोहोरिने गीतहरू हुँदैनन्,*
*हाम्रो सांसारिक क्षितिजका बादलहरू*
*आकाशमा कहिल्यै देखिनेछैनन्,*
*किनकि सबै कुरा चहकिला र आनन्दित हुनेछन्*
*रोदन र सुस्केरा कहिल्यै हुनेछैनन् ।*
*हाम्रो वासस्थानको भाडा हामी कहिल्यै तिर्नेछैनौं,*
*कर तिर्न कहिल्यै बाँकी हुनेछैन;*
*हाम्रा लुगाहरू कहिल्यै फाट्नेछैनन्,*
*तर सदैव रङ्गीन र नयाँ नै हुनेछन्*
*हामी कहिल्यै भोकाउने वा तिर्खाउनेछैनौं,*
*न त त्यहाँ गरीबीमा छट्पटिनेछौं,*
*किनकि स्वर्गका सबै धन-सम्पत्तिहरूमा*
*उहाँका पवित्र छोरा-छोरी सहभागी हुनेछन् ।*

"**तिमीहरूको हृदय विचलित नहोस्,**" मालिकले भन्नुभयो । "त्यहाँ धेरै वासस्थानहरू छन्, र तिमीहरू त्यहाँ जान सक्दछौ, त्यसैले विचलित नहोऊ ।"

कसैले यसो भनेका छन्: "स्वर्गका महिमाहरू विभिन्न तरिकाले चित्रण गरिन्छन् । यसलाई 'देश' भनिन्छ, जसले त्यसको विशालताबारे हामीलाई बताउँदछ । यसलाई 'शहर' भनिन्छ, जसले त्यहाँ हुने धेरै मानिसबारे

हामीलाई बताउँदछ । यसलाई 'राज्य' भनिन्छ, जसले हामीलाई त्यसका आनन्दहरूबारे बताउँदछ । यसलाई 'पिताको घर' भनिन्छ जसले हामीलाई त्यसको स्थायित्वबारे बताउँदछ । तर सबैभन्दा उत्कृष्ट कुरा, येशू त्यहाँ हुनुहुनेछ । तर उहाँ आफ्ना जनहरूबिना त्यहाँ बस्न सन्तुष्ट हुनुहुनेछैन । उहाँले भन्नुभयो, 'म जहाँ छु त्यहाँ तिमीहरू पनि हुनेछौ' ।"

संसार त्यति खराब छैन; तर हामी यहाँ केही क्षणको लागि मात्र रहन्छौं । यदि तपाईं सत्तरी वर्ष बाँच्नुहुन्छ भने, प्रभु येशूसँग महिमामा बिताइने सत्तरी करोड वर्षको सामु त्यो के हो र ! त्यसैले तपाईंको हृदय विचलित नहोस् । संसारले तपाईंलाईं नहोच्याओस्, किनकि परमेश्वरका जनहरूको लागि असल समय आउँदैछ ।

## ३. येशूले हाम्रो लागि संसार तयार पारिरहनुभएको छ

त्यसपछि उहाँले भन्नुभयो, "म तिमीहरूका निम्ति ठाउँ तयार पार्न जान्छु ।" येशूले एउटा ठाउँ तयार पारिरहनुभएको छ ! परमेश्वरले आफ्ना जनहरूलाई तयार नपारिएको ठाउँमा कहिल्यै पनि लैजानुहुन्न । उहाँले स्वर्ग तयार पार्ने काम स्वर्गदूतहरूलाई पनि सुम्पनुहुन्न - उहाँ आफैले त्यो काम गर्नुहुन्छ । "म ठाउँ तयार पार्न जान्छु ।"

अहो, येशूले आफ्नी दुलहीको लागि ठाउँ तयार पारिरहनुभएको छ ! उहाँले कति राम्रोसँग त्यो तयार पारिरहनुभएको होला भनी म कल्पना गर्न सक्दछु । यी १९०० वर्षहरूमा उहाँले हामीमध्ये तिनीहरूको लागि ठाउँ तयार पार्न लागिपर्नुभएको छ जसलाई उहाँ प्रेम गर्नुहुन्छ । अनि उहाँ हाम्रा लागि आउँदै हुनुहुन्छ । अहिले उहाँ हाम्रो लागि ठाउँ तयार पार्न जानुभएको छ । अहो, परमेश्वरले वास्ता गर्नुहुन्छ ! येशूले वास्ता गर्नुहुन्छ !

## ४. येशू छिट्टै एक दिन हाम्रो लागि आउँदै हुनुहुन्छ

अनि यहाँ उहाँले सबैभन्दा असल कुरा भन्नुभयो: उहाँ हामीलाई आफैकहाँ लैजान आउँदै हुनुहुन्छ, ताकि "म जहाँ छु, त्यहाँ तिमीहरू पनि होओ ।"

येशू हाम्रो लागि एक दिन आउँदै हुनुहुन्छ, दुलहा जसरी । उहाँ विवाहको लागि र उहाँकी दुलही लिनको लागि फेरि आउँदै हुनुहुन्छ । अर्थात् उद्धार गरिएका सबै, नयाँ गरी अर्थात् फेरि जन्मिएका सबै, प्रभु येशूलाई प्रेम गर्ने सबैजना उहाँकी एउटी दुलही हुन् । उहाँ आफ्नी दुलहीलाई घर लैजान आउँदै हुनुहुन्छ ।

येशू आउनुहुँदा चिहानहरू खोलिन्छन् र हामी सबै युगका सारा पवित्र जनहरूसँगै एकसाथ माथि उठाइन्छौं, त्यो कति असल हुन्छ होला ! हामी वासस्थानहरूमा जाँदैछौं, हामी स्वर्ग जाँदैछौं, येशूले लामो समयदेखि तयार पारिरहनुभएको ठाउँमा हामी जाँदैछौं । प्रभु येशूले हामीलाई त्यो ठाउँ वरिपरि घुमाएर सोध्नुहुनेछ, "मैले तिमीहरूको लागि तयार पारेको यो ठाउँ तिमीहरूलाई कस्तो लाग्यो ?" अँ, त्यो असल हुनुपर्दछ !

यो संसारलाई तयार पार्न प्रभु येशूले लामो समयसम्म काम गर्नुभयो भन्ने कुरा तपाईंलाई थाहा छ । उहाँले कति राम्रोसँग फूलहरू र पशु-पंक्षीहरू, सबै प्रकृति र वनस्पतिहरू बनाउनुभयो । अहो, उहाँले हाम्रो लागि कति धैरै प्रबन्ध गरिदिनुभएको छ ! तर पापको कलङ्क र पतित प्राणीहरू नहुने स्वर्गको अवस्था झन् कति उत्तम हुन्छ होला ! त्यसैले उहाँले हाम्रो लागि एउटा ठाउँ तयार पारिरहनुभएको छ ।

त्यसपछि के ? उहाँ हामीलाई आफैसित लिन आउँदै हुनुहुन्छ । उहाँ हामीसँग रहन चाहनुहुन्छ । परमेश्वरले हामीलाई चाहनुको कारण मलाई थाहा छैन, तर उहाँले चाहनुहुन्छ । सधैंभरि हामीसँग रहनुको आनन्द प्राप्त गर्न किन उहाँले त्यस्तो कष्ट भोग्न, त्यस्तो डरलाग्दो मूल्य चुकाउन चाहनुभयो भन्ने मलाई थाहा छैन, तर उहाँले चाहनुभयो ! त्यसैले प्रिय मित्र, "तपाईंको हृदय विचलित नहोस् ।"

## ५ येशू नै स्वर्ग जाने बाटो हुनुहुन्छ

त्यसपछि उहाँले सबैभन्दा आश्चर्यजनक कुरा भन्नुभयो, "अनि तिमीहरू बाटो चिन्छौ ।" अहो, के तपाईं बाटो चिन्नुहुन्छ ? थोमाले यसो भने, "प्रभु,

तपाईं कहाँ जानुहुन्छ, हामी जान्दैनौं; तब कसरी हामी बाटो चिन्न सक्छौं र ?" येशूले थोमालाई जवाफ दिनुभयो, "बाटो म नै हुँ ।" येशू नै स्वर्ग जाने बाटो हुनुहुन्छ । उहाँ स्वर्ग जाने धेरै बाटोहरूमध्ये एउटा बाटो हुनुहुन्न; उहाँ नै एक मात्र बाटो हुनुहुन्छ । उहाँ स्वर्ग जाने बाटोको अंश हुनुहुन्न तर पूरै बाटो नै हुनुहुन्छ । प्रिय प्रभु येशू नै स्वर्ग जाने एक मात्र उत्तम, सरल बाटो हुनुहुन्छ ।

मलाई स्वर्ग लैजान सक्नुहुन्छ भनी म अरू कसैमाथि नभई येशूमाथि नै भरोसा गर्न सक्दछु र म त्यसमा अत्यन्त खुशी छु । उही येशूले नै मलाई प्रेम गर्नुहुन्छ र उहाँ नै मेरो निम्ति मर्नुभयो । म उहाँमाथि भरोसा गर्न सक्दछु । येशू नै स्वर्ग जाने बाटो हुनुहुन्छ !

तपाईंले यसो भन्न सक्नुहोला, "तर के यसले परमेश्वर पितालाई खुशी तुल्याउनेछ ?" अहो, तर येशूले यसो भन्नुभयो, "म र मेरा पिता एकै हौं । यदि तिमीहरूले मलाई चिनेका भए, मेरा पितालाई पनि चिन्नेथियौ । बाटो, सत्य र जीवन म नै हुँ ।" परमेश्वरको सारा प्रकाश येशूमा समेटिएको छ र उहाँ नै जीवन हुनुहुन्छ । मुक्ति उहाँमा नै छ । तपाईंले उहाँलाई ग्रहण गर्नुहुँदा अनन्त जीवन पाउनुहुन्छ । उहाँ नै स्वर्ग जाने बाटो हुनुहुन्छ । उहाँ नै बाटो हुनुहुन्छ । अहो, येशूलाई स्वर्ग जाने बाटो भनी ग्रहण गर्नु कति असल छ !

## बप्तिस्मा भनेको मुक्ति होइन

बप्तिस्मा नै मुक्ति होइन । मैले बप्तिस्मा लिएको छु । मेरो उद्धार गरिएपछि बप्तिस्मा लिएर मैले येशूलाई पछ्याउनु अत्यन्त आनन्दको कुरा थियो । तर बप्तिस्मा नै स्वर्ग जाने बाटो भने होइन । यो त मेरो उद्धार गरिएको छ भन्ने कुराको असल गवाही हो ।

## मण्डली भनेको मुक्ति होइन

मण्डली जानुहोस्, अवश्य जानुहोस् । बाइबललाई विश्वास गर्ने, आत्मा जित्ने मण्डली जानुहोस्, तर मण्डली नै स्वर्ग जाने बाटो भने होइन । स्वर्ग

जाने बाटोमा हिँडिरहेका मानिसहरूले सङ्गति गर्ने र मिलेर काम गर्ने असल ठाउँ मण्डली हो ।

मुक्ति भनेको कुनै रीति वा विधि पालन गर्नु र बाइबलीय प्रश्नोत्तर सिक्नु, हाम्रा तीव्र लालसाहरू नियन्त्रण गर्नु र चरित्रमा वृद्धि हुनु होइन । अहँ ! आज अलिकति उद्धार पाउनु अनि भोलि अझ अलिकति पाउनु होइन । अहँ ! मैले येशूलाई ग्रहण गर्दा, त्यो पूरा काम हुन्छ । अनि यो सबैका लागि हो, किनकि उहाँले यसो भन्नुभयो,

"**जसले** चाहन्छ, उसले सित्तैंमा जीवनको पानी लेओस् ।"

(प्रकाश २२:१७)

अनि अर्को वचनले भन्दछ, "उहाँमाथि विश्वास गर्ने **कोही पनि** नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस् ।" (यूहन्ना ३:१६)

हजुर, येशू नै स्वर्ग जाने **बाटो** हुनुहुन्छ - बाटो देखाउनेवाला होइन, तर **बाटो नै** हुनुहुन्छ !

परमेश्वर तयार हुनुहुन्छ । खीष्टले तपाईंको लागि स्वर्गमा घर तयार पार्नुभएको छ । तपाईं त्यहाँ रहनुहोस् भन्ने उहाँ चाहनुहुन्छ । तपाईं त्यहाँ जान चाहनुहुन्छ भनी म विश्वास गर्दछु । त्यसो भए अहिले नै येशू खीष्टमाथि विश्वास गर्नुहोस् र सधैंको लागि त्यहाँ रहने बन्दोबस्त मिलाउनुहोस् ।

त्यसपछि उहाँले तपाईंलाई ती वासस्थानहरूमा रहेको घरमा लैजानुहुन्छ भनी तपाईं आशा गर्न सक्नुहुन्छ, जुन वासस्थानहरू उहाँमाथि भरोसा गर्नेहरूको लागि उहाँले तयार पार्नुभएको छ ।

पाठक मित्र, तपाईं अहिले नै ढोका बन्द गरेर घुँडा टेकी येशू खीष्टलाई यसो भन्नुहोस् कि, अब तपाईंले उहाँलाई आफ्ना मुक्तिदाता भनी भरोसा गर्नुहुनेछ, उहाँले तपाईंका सबै पापहरू क्षमा गरिदिनुहुन्छ भनी भरोसा गर्नुहुनेछ, उहाँले तपाईंको हृदय परिवर्तन गरिदिनुहुन्छ भनी भरोसा गर्नुहुनेछ,

र उहाँले नै तपाईंलाई स्वर्गको घरमा लैजानुहुन्छ भनी भरोसा गर्नुहुन्छ। अथवा कुर्सीमै बसेर वा बिस्तारामै पल्टिएर, तपाईं जहाँ हुनुहुन्छ त्यहीं नै, ठीक अहिले नै, सम्पूर्ण हृदयले उहाँमाथि भरोसा गर्नुहोस्। तपाईंले पूर्ण रूपमा उहाँमाथि भरोसा राख्नुहुने क्षणमा नै तपाईंले अनन्त जीवन पाउनुहुनेछ। - The Sword of the Lord (प्रभुको तरवार)

# ठूलो सेतो सिंहासन

## अन्तिम न्याय

"अनि मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि बस्नुहुनेलाई देखें, जसको सामुन्नेबाट पृथ्वी र आकाश भागे; अनि तिनीहरूका निम्ति कहीँ ठाउँ पाइएन । अनि मैले दुवै साना र ठूला मरेकाहरूलाई परमेश्वरको *सिंहासन* सामु उभिरहेका देखें; अनि पुस्तकहरू खोलिए; अनि अर्को पुस्तक खोलियो, जो जीवनको पुस्तक हो । अनि ती पुस्तकहरूमा लेखिएका कुराहरूबाट मरेकाहरूको न्याय तिनीहरूका कामहरूअनुसार गरियो ।

"अनि समुद्रले त्यसभित्र भएका मरेकाहरूलाई दिइहाल्यो; अनि मृत्यु र नरकले पनि तिनीहरूभित्र भएका मरेकाहरूलाई दिइहाले; अनि तिनीहरूका कामहरूअनुसार तिनीहरू हरेकको न्याय गरियो । अनि मृत्यु र नरक अग्निकुण्डभित्र फ्याँकिए । यो दोस्रो मृत्यु हो । अनि जसको नाम जीवनको पुस्तकमा लेखिएको पाइएन, त्यो अग्निकुण्डभित्र फ्याँकियो ।" (प्रकाश २०:११-१५)

### १. यही नै अन्तिम न्याय हो

केही मानिसहरूले यसलाई संसारको अन्तमा हुने साधारण न्याय बनाउन चाहन्छन्, तर परमेश्वरको वचन ध्यानपूर्वक अध्ययन गर्दा, यो साँचो व्याख्या हुन सक्दैन भन्ने कुरा देखिनेछ । परमेश्वरको वचनले धेरैवटा न्यायहरू उल्लेख गर्दछ । उदाहरणको लागि, ख्रीष्टको क्रूसमा विश्वासीका पापहरूको न्याय गरिन्छ । हामीले य'शूआ (येशू)-लाई मुक्तिदाता भनी ग्रहण गर्दा, हाम्रो अनन्त गन्तव्य सधैंको लागि निश्चित हुन्छ । हामी मृत्युबाट जीवनमा सरेका छौं ।

साथै, आफ्नै न्याय पनि हुन्छ । "किनकि हामीले आफैलाई जाँच्यौं भने हाम्रो न्याय गरिनेछैन ।" (१ कोरिन्थी ११:३१)

ख्रीष्टको न्याय आसनबारे परमेश्वरको वचनमा प्रष्ट रूपमा वर्णन गरिएको छ । रोमी १४:१०-१२ र १ कोरिन्थी ३:११-१५ पढ्नुहोस् ।

जीवित जातिहरूको न्यायको बारेमा मत्ती २५ अध्यायमा उल्लेख गरिएको छ । यो न्याय ख्रीष्ट प्रकट हुनुहुँदा गरिनेछ जति बेला उहाँ आफ्नो महिमाको सिंहासनमा बस्नुहुनेछ । यो न्यायमा ख्रीष्टले "मेरा भाइहरू" भन्नुहुने जनहरूसँग जातिहरूले गरेका सम्झौताको जाँच गरिन्छ ।

ठूलो सेतो सिंहासनको सामु गरिने न्याय हामीले नयाँ स्वर्ग र नयाँ पृथ्वीबारे पढ्नुभन्दा अगाडिको अन्तिम दृश्य हो । यो न्यायको डरलाग्दो स्वभाव प्रकाश २०:११ मा देखिन्छ:

"अनि मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि बस्नुहुनेलाई देखें, जसको सामुन्नेबाट पृथ्वी र आकाश भागे; अनि तिनीहरूका निम्ति कहीं ठाउँ पाइएन ।"

ठूलो भीड न्यायकर्ताको सामु उभिँदा, त्यो दृश्य यति डरलाग्दो हुनेछ कि स्वर्ग र पृथ्वी भागिजानेछन् । मलाई लाग्दछ, हामीले प्रकाश २१:१ पनि हेर्न सक्दछौं, जहाँ यसरी लेखिएको पढ्न पाइन्छ:

"अनि मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितेर गए; अनि उसो समुद्र रहेन ।"

यो कुरा र २ पत्रुस ३:१० मा रहेको खण्डबीच पनि अत्यन्त घनिष्ठ सम्बन्ध छ:

"तर यवेको दिनचाहिँ राती चोर आएझैं *(अचानक)* आउनेछ, जसमा आकाशहरू ठूलो शब्द गरेर बितिजानेछन्, तत्वहरू प्रचण्ड तापले गर्दा पग्लनेछन्, र पृथ्वी र त्यसमा भएका कामहरू जलेर शेष हुनेछन् ।"

मैले बाइबललाई आफैले व्याख्या गर्दा, यो पृथ्वी आगोले शुद्ध पारिनेछ भन्ने धारणा कहिल्यै पनि लिएको छैन, तर मैले सदैव परमेश्वरको वचनको यो प्रष्ट शिक्षा पाएको छु कि यो पृथ्वी नाश पारिनेछ र आगोले जलाइनेछ। बरु म यसलाई बितेर जाने अर्थमा सोच्न चाहन्छु, र त्यसको स्थानमा नयाँ स्वर्ग र नयाँ पृथ्वी आउनेछन्।

बाइबलका एक टिप्पणीकारण्ले यो न्यायबारे अर्को सत्यता औंल्याउँदछन् जुन चाखलाग्दो भन्दा पनि बढी छ। ठूलो सेतो सिंहासनमा केरकार गरिँदैन भनी उनी भन्दछन्। न्याय गरिनेहरूलाई प्रश्नहरू सोधिँदैन। तिनीहरूलाई केवल पुस्तकहरूमा लेखिएका कुराहरूबाट न्याय गरिन्छ र नरकको दण्ड दिइन्छ।

यो एउटा ठूलो सेतो सिंहासन हो किनभने पृथ्वीका हराएकाहरूजति सबै य'शूआ प्रभुको सामु उभिनेछन्। यो एउटा सेतो सिंहासन हो, किनकि यसले हाम्रा परमेश्वरको पवित्रता र शुद्धता प्रकट गर्दछ। यस्तै सिंहासनको सामुन्ने नै मानिसहरू जम्मा हुनेछन्। त्यो सिंहासनमा बस्नुहुने जन खीष्ट हुनुहुनेछ, किनकि उहाँले यसो भन्नुभयो,

> "किनकि पिताले कसैको न्याय गर्नुहुन्न, तर जसरी सबै मानिसहरूले पितालाई आदर गर्दछन्, उसरी नै तिनीहरूले पुत्रलाई पनि आदर गरून् भनेर सबै न्याय गर्ने काम पुत्रलाई सुम्पिनुभएको छ।"
>
> (यूहन्ना ५:२२)

यो महत्वपूर्ण अवसरमा पिता र पवित्र आत्मा उपस्थित हुनुहुनेछ भन्ने कुरामा हामी निश्चित हुन सक्दछौं, तर खीष्टले नै वास्तविक न्याय गर्नुहुनेछ, किनकि त्यो काम पिताले उहाँलाई नै सुम्पिनुभएको छ।

## २. योचाहिँ हराएकाहरूको न्याय हो

उद्धार गरिएकाहरूको बौरिउठाइ हुने कुरा थाहा पाएर हामी अत्यन्त रमाएका छौं। यसका सुन्दर वर्णनहरू १ कोरिन्थी ४ अध्यायमा दिइएका छन्। यूहन्नाले यसो भने,

"यस पहिलो बौरिउठाइमा जसको भाग हुन्छ, ऊ धन्य र पवित्र हो; यस्ताहरूमाथि दोश्रो मृत्युको कुनै अधिकार छैन, तर तिनीहरू परमेश्वरका र ख्रीष्टका पूजाहारीहरू हुनेछन्, र उहाँसित हजार वर्षसम्म राज्य गर्नेछन् ।" (प्रकाश २०:६)

तर उद्धार नगरिएकाहरू पनि बौराइनेछन् भन्ने कुरा नबिर्सौं ।

"अनि मैले दुवै साना र ठूला मरेकाहरूलाई परमेश्वरको *सिंहासन* सामु उभिरहेका देखें; अनि पुस्तकहरू खोलिए; अनि अर्को पुस्तक खोलियो, जो जीवनको पुस्तक हो । अनि ती पुस्तकहरूमा लेखिएका कुराहरूबाट मरेकाहरूको न्याय तिनीहरूका कामहरूअनुसार गरियो । अनि समुद्रले त्यसभित्र भएका मरेकाहरूलाई दिइहाल्यो; अनि मृत्यु र नरकले पनि तिनीहरूभित्र भएका मरेकाहरूलाई दिइहाले; अनि तिनीहरूका कामहरूअनुसार तिनीहरू हरेकको न्याय गरियो ।" (प्रकाश २०:१२-१३)

योचाहिँ उद्धार नगरिएकाहरूको बौरिउठाइ हो । त्यही समयमा नै चिहानहरूले हराएकाहरूका शरीर फिर्ता दिनेछन् र पातालले हराएकाहरूका आत्मा र प्राण फिर्ता दिनेछ । तिनीहरूलाई परमेश्वरको न्यायको सामु उभ्याइनेछ ।

बाइबलले दुईवटा बौरिउठाइहरूको प्रष्ट सत्यता बताउँदछ । यता हेर्नुहोस्:

"अनि पृथ्वीको धूलोमा सुत्नेहरू, कतिचाहिँ अनन्त जीवनको निम्ति अनि कतिचाहिँ शर्म र अनन्तका घृणाको निम्ति ब्यूँझनेछन् ।" (दानियल १२:२)

"यस कुरामा अचम्भ नमान; किनभने त्यो घडी आइरहेको छ, जसमा चिहानभित्र रहेका सबैले उनको सोर सुन्नेछन्, अनि भलो गर्नेहरू जीवनको बौरिउठाइको निम्ति, र दुष्ट काम गर्नेहरूचाहिँ दण्डको बौरिउठाइको निम्ति निस्की आउनेछन् ।" (यूहन्ना ५:२८,२९)

पावलले प्रेरित २४:१५ मा दुईवटा बौरिउठाइहरूबारे बताउँदछन्:

"दुवै धर्मी र अधर्मीहरूको बौरिउठाइ हुनेछ भनी म परमेश्वरमा आशा राख्छु, जुन कुरा यिनीहरू आफै पनि स्वीकार गर्दछन् ।"

उद्धार गरिएका मृतकहरू बौराइसकिएका छन् र प्रभुसँगको जीवनमा प्रवेश गरिसकेका छन् । उद्धार नगरिएकाहरू मात्र चिहानहरूमा छोडिन्छन्, र अब तिनीहरूलाई न्यायको सिंहासन सामु उभ्याउनलाई ल्याइन्छ ।

यी शब्दहरू याद गर्नुहोस्: "अनि मैले दुवै साना र ठूला मरेकाहरूलाई परमेश्वरको सामु उभिरहेका देखें ।" मुक्तिदातालाई अस्वीकार गरेका अहिलेसम्मका महान् मानिसहरूलाई न्याय गर्नको लागि उभ्याइनेछ । अनि साना, बिर्सिइएका मानिसहरू पनि त्यहाँ उभिनेछन् । जमीनमा वा समुद्रमा धेरै शताब्दीसम्म गाडिएका मानिसहरू बाहिर निस्कनेछन् । शरीर, प्राण र आत्मा एक हुनेछन् र न्याय भोग्नेछन् ।

## ३. तिनीहरूलाई पुस्तकहरूमा लेखिएअनुसार न्याय गरिनेछ ।

"अनि पुस्तकहरू खोलिए; अनि अर्को पुस्तक खोलियो, जो जीवनको *पुस्तक* हो । अनि ती पुस्तकहरूमा लेखिएका कुराहरूबाट मरेकाहरूको न्याय तिनीहरूका कामहरूअनुसार गरियो ।" (प्रकाश २०:१२)

अभिलेख राख्ने पुस्तकहरू त्यहाँ हुनेछन् । हरेक मानिसका कामहरूको प्रष्ट रूपमा अभिलेख राखिनेछ, र परमेश्वरले तिनै अभिलेखहरूअनुसार हरेक मानिसको न्याय गर्नुहुनेछ । हरेक कामलाई ज्योतिमा ल्याइनेछ, किनकि याद गर्नुहोस्, पापीहरूले चाहिँ येशूको रगतको खोल उपयोग गर्न पाउँदैनन् । तिनीहरूलाई परमेश्वरको अनुग्रही क्षमादानबारे केही पनि थाहा हुँदैन, र परमेश्वरको ज्योतिद्वारा तिनीहरू प्रष्ट रूपमा देखिन्छन् । ख्रीष्टलाई ग्रहण नगरीकन मरेकाहरू, जवान, अधवैंशे र वृद्ध सबैले परमेश्वरको अनुग्रह र मुक्ति ग्रहण गर्न जीवनभरि पाएका मौकाहरू सम्झनेछन् - जसलाई तिनीहरूले अस्वीकार गरेका थिए ।

सबै कुरा ती अभिलेखहरूमा लेखिन्छन्, र एक दिन, प्रिय पाठक मित्र, खीष्टलाई ग्रहण नगरीकन मर्नुभयो भने, तपाईंले यी डरलाग्दा शब्दहरू सुन्नुहुनेछ, "ए श्रापितहरूहो, मदेखि त्यस अनन्त आगोभित्र जाइहाल, तिमीहरू जीवन पाउनलाई मकहाँ आउन इच्छुक छैनौ ।" (मत्ती २५:४१, यूहन्ना ५:४०)

परमेश्वरका अभिलेखहरू सही छन् । उहाँले गल्ती गर्नुहुन्न । अनि परमेश्वरले अनुग्रहपूर्वक दिनुहुने मुक्तिलाई अस्वीकार गरेका पापीहरू आफ्नो आत्मिक दरिद्रता देख्दा विलाप गरेर रुनेछन् ।

हजुर, तिनीहरूका सबै कामहरू ती पुस्तकहरूमा लेखिएका छन्, तर तिनीहरूको विनाश तय गर्ने **सबैभन्दा ठूलो पाप** मसीहलाई अस्वीकार गर्नु हो - "परमेश्वरका थुमालाई, जसले संसारको पाप उठाई लैजानुहुन्छ ।" (यूहन्ना १:२९) । प्रेम गर्नुहुने, अनुग्रही मुक्तिदातालाई अस्वीकार गर्नुजस्तो डरलाग्दो पाप अर्को हुँदैन । वास्तवमा यो क्षमा नहुने पाप हो ।

अनि अर्को पुस्तक खोलिएको हामी देख्दछौं, जुन जीवनको पुस्तक हो । यदि यो उद्धार नभएकाहरूको न्याय हो भने, किन त्यहाँ जीवनको पुस्तक देखिनुपर्दछ त ? त्यहाँ यसले ती हराएकाहरूविरुद्ध अभिलेख प्रस्तुत गर्दछ । अन्तिम न्यायमा पनि निश्चय नै यस्ता मानिसहरू हुनेछन् जसले आफूहरू असल र स्वर्ग जानयोग्य भएको दावी गर्दछन् । तिनीहरूले कहिल्यै खीष्टलाई मुक्तिदाता भनी ग्रहण गरेका थिए कि थिएनन्, र जीवनको पुस्तकमा आफ्ना नाउँ लेखाएका थिए कि थिएनन् भन्ने हेर्न उक्त पुस्तकमा खोजतलाश गर्न शायद संसारका न्यायाधीशले तिनीहरूलाई अनुमति दिनुहुनेछ होला ।

## ४. यो न्यायको परिणाम

"अनि मृत्यु र नरक अग्निकुण्डभित्र फ्याँकिए । यो दोस्रो मृत्यु हो । अनि जसको नाम जीवनको पुस्तकमा लेखिएको पाइएन, त्यो अग्निकुण्डभित्र फ्याँकियो ।" (प्रकाश २०:१४-१५)

के ठूलो सेतो सिंहासन सामु उभिने सबैजनाको उद्धार गरिनेछ ? यदि त्यो अभिलेख साँचो हुन्छ भने, कसैको पनि उद्धार गरिनेछैन, किनकि मृत्यु र नरक अग्निकुण्डभित्र फालिनेछन् भनी त्यसले भन्दछ।

के नरकमा विभिन्न मात्राका दण्डहरू हुनेछन् ? हजुर, यदि परमेश्वर धर्मी हुनुपर्दछ भने, त्यहाँ विभिन्न मात्राका दण्डहरू हुनेछन्। लूका १२ अध्यायमा दास र नोकरहरूको दृष्टान्त भन्नुहुँदा, प्रभु येशुले यसो भन्नुभयो:

> "अनि जुन दासलाई आफ्नो मालिकको इच्छा थाह थियो, तर आफूलाई तयार पारेन, न त तिनको इच्छाअनुसार नै गऱ्यो, त्यसले धेरै कोर्रा खानेछ। तर जसले जानेको थिएन, र कोर्रा खाने लायकका कामहरू गऱ्यो, त्यसले थोरै कोर्रा खानेछ। किनभने हरेक, जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै लिइनेछ; र जसलाई धेरै सुम्पिइएको छ, त्यसबाट तिनीहरूले बढ्ता माग्नेछन्।" (लूका १२:४७,४८)

मानिसहरूलाई "तिनीहरूका कामअनुसार" न्याय गरिनेछ भनी बाइबल भन्दछ। त्यहाँ भिन्नता हुनेछ, तर त्यो सबै नरकमै हुनेछ।

अनि अब निष्कर्षमा, आउनुहोस् प्रकाश २० अध्यायको १४ पदमा रहेको एउटा वाक्यलाई हेरौं। **"यो दोश्रो मृत्यु हो।"**

यहाँ अन्तिम भनाइ रहेको छ। दोश्रो मृत्यु अग्निकुण्ड हो। यसलाई दोश्रो मृत्यु भनिन्छ किनभने यो पहिलो मृत्यु अर्थात् शारीरिक मृत्युपछि आउँदछ। दोश्रो मृत्यु जीवनबिना नै अस्तित्वमा रहन्छ। यो अनन्त मृत्यु हो, तैपनि त्यसमा अनन्त रूपमा अस्तित्वमा रहिन्छ। यही नै हराएको प्राण मरिरहेको र पनि अस्तित्वमा रहिरहेको भन्नुको अर्थ हो। दोश्रो मृत्यु सर्वनाश होइन, जस्तो कोही-कोहीले सिकाउने र प्रचार गर्ने प्रयास गर्दछन्।

दोश्रो मृत्यु भनेको मानिस परमेश्वरदेखि पूर्ण रूपमा अलग्गिनु हो। पहिलो मृत्युसँग प्राणलाई शरीरदेखि छुट्ट्याउने शक्ति हुन्छ, तर दोश्रो

मृत्युसँग त पूरै मानिसलाई परमेश्वरदेखि अनन्त रूपमा अलग्याउने शक्ति हुन्छ। दोश्रो मृत्युले सबै शान्ति, आनन्द, खुशी र आशालाई सधैंभरिको लागि मार्दछ। यसको अर्थ परमेश्वरदेखि, ख्रीष्टदेखि र स्वर्गदेखि अलग्गिनु हो। यसको अर्थ उद्धार गरिएका हाम्रा प्रियजनहरूदेखि अलग्गिनु हो।

म एउटा लासको नजीकै उभिएँ र एउटी महिलाले उनका पतिको मृत शरीरप्रति गनगन गरेकी मैले सुनें, "हामी छिट्टै नै फेरि सँगै हुनेछौं।" हजुर, यो कुरा ख्रीष्टमा साँचो हुन्छ! तर ख्रीष्टलाई स्वीकार गरिँदैन भने, अनन्त रूपमा अलग भइनेछ!

अन्तमा, दोश्रो मृत्यु भनेको ख्रीष्टलाई अस्वीकार गर्नेहरूको निश्चित भविष्य हो। मसीहको बारेमा सुनेर पनि उहाँलाई स्वीकार गर्न अस्वीकार गरेको मानिस नरकदेखि उम्कन सक्दैन। तपाईंले आफ्नो अनन्तता कहाँ बिताउनुहुनेछ भनी आज नै निर्णय गर्नुहोस्। त्यो ठाउँ प्रकाश २० अध्यायमा वर्णन गरिएजस्तै शैतान र त्यसका दूतहरूको लागि तयार गरिएको ठाउँ हुनेछ कि प्रकाश २१ अध्यायमा वर्णन गरिएजस्तै महिमामय स्वर्ग हुनेछ?

**ख्रीष्टलाई ग्रहण गर्नुहोस् र स्वर्गलाई आफ्नो घर बनाउनुहोस्!**

तल एउटा जाँच्ने सूची दिइएको छ। तपाईंको उद्धार गर्नेछन् भनी तपाईंले भरोसा गरिरहनुभएका कुराहरू सही छन् कि छैनन् भनी बुझ्नमा यो सूचीले तपाईंलाई सहायता गर्नेछ।

## आफैलाई जाँच्नुहोस्

### म स्वर्ग जानेछु - कि जानेछैनँ ?

१. तपाईंले मरेपछि स्वर्ग जानेछु भनी आशा गरिरहनुभएका कुराहरूमा **चिनो लगाउनुहोस् ।**

- ☐ १. दश आज्ञाहरू पालना गर्ने प्रयास गर्नु
- ☐ २. परोपकारको लागि दान दिनु
- ☐ ३. सकेसम्म असल काम गर्नु
- ☐ ४. असल जीवन जीउनु
- ☐ ५. असल कामहरू
- ☐ ६. सुनौलो नियम पालन गर्ने प्रयास गर्नु
- ☐ ७. दशांश दिनु वा मण्डलीलाई पैसा दिनु
- ☐ ८. मण्डलीको सदस्यता
- ☐ ९. नियमित रूपमा मण्डली जानु
- ☐ १०. प्रार्थनाहरू
- ☐ ११. उपवास
- ☐ १२. बप्तिस्मा
- ☐ १३. प्रभुभोज
- ☐ १४. ईसाई बाबुआमाबाट जन्मिनु
- ☐ १५. अभिषेक
- ☐ १६. प्रायश्चितहरू
- ☐ १७. तेल घस्ने कार्य
- ☐ १८. कुनै मित्रसंघको सदस्यता

२. अब तपाईंले चिनो लगाउनुभएका कुराहरूका व्याख्याहरू हेर्नुहोस् र तपाईं स्वर्गको बाटोमा हिँडिरहनुभएको छ कि छैन भन्ने कुरा **पत्ता लगाउनुहोस् ।**

**यदि तपाईंले यो नम्बरमा चिनो लगाउनुभएको छ भने:**

**नं. १** – तपाईं निश्चित रूपमा स्वर्गको बाटोमा **हुनुहुन्न**। दश आज्ञाहरू असल र पवित्र छन्, तर तिनले तपाईंको उद्धार गर्न सक्दैनन्। बाइबलले प्रष्ट रूपमा बताउँदछ:

> "यसकारण व्यवस्थाका कामहरूद्वारा कुनै पनि प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन; किनकि व्यवस्थाद्वारा पाप चिन्ने ज्ञान हुन्छ।"
> (रोमी ३:२०)

> "तर परमेश्वरको दृष्टिमा व्यवस्थाद्वारा कोही पनि धर्मी ठहरिँदैन, यो कुरा स्पष्ट छ; किनभने '**धर्मी जन विश्वासद्वारा जिउनेछ**।'"
> (गलाती ३:११)

**नं. २,३ वा ४** – तपाईंले यस्तो कुरामाथि आशा राखिरहनुभएको छ, जसले कहिल्यै पनि तपाईंको उद्धार गराउनेछैन भनी परमेश्वरको वचनले भन्दछ।

> "हामी आफैले गरेका धर्मका कामहरूद्वारा होइन, तर उहाँकै कृपाअनुसार उहाँले हाम्रो उद्धार गर्नुभयो।" (तितस ३:५)

**नं ५,६ वा ७** – तपाईंले स्वर्गका सुनका सडकहरू कहिल्यै पनि देख्नुहुनेछैन, किनकि परमेश्वरले यसरी अत्यन्त प्रष्ट पार्नुभएको छ:

> "किनकि विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ; अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको वरदान हो; कामहरूबाट होइन, नत्र त कसैले घमण्ड गर्नेछ।" (एफेसी २:८,९)

**नं. ८,९,१० वा ११** – तपाईं स्वर्गको लागि होइन, नरकको लागि चुनिनुभएको छ: यी सबै कुराहरू आफैमा असल छन् र तपाईंलाई उद्धार गर्नको लागि ती पर्याप्त छन् भन्ने तपाईंलाई लाग्न सक्दछ, तैपनि परमेश्वरले आफ्नो पवित्र वचनमा यसरी घोषणा गर्नुहुन्छ:

> "किनकि हामी सबै अशुद्ध मानिसहरूझैं भएका छौं, र हाम्रा धर्म-कर्म फोहोर लुगाझैं छन्। हामी सबै पातझैं ओइलाइहाल्छौं, र हाम्रा अधर्मले हामीलाई बतासले झैं उडाइहाल्नेछन्।" (यशैया ६४:६)

**नं. १२ वा १३** – तपाईंले प्रष्ट रूपमा नै गल्ती गर्नुभएको र भ्रममा पर्नुभएको छ। बप्तिस्मा र प्रभुभोज त उद्धार पाइसकेकाहरूको लागि, सच्चा विश्वासी-हरूको लागि हुन्। (प्रेरित २:४१, १ कोरिन्थी ११:२, २३-३२)। यी विधिहरूले कसैको पनि उद्धार गर्न सक्दैनन् र तिनको लक्ष्य पनि त्यो थिएन।

**नं. १४** – तपाईंले आफ्नो प्राणलाई झूटो आशा दिइरहनुभएको छ। ईसाई घर-परिवारमा जन्मिएका बालबालिकाले पनि अरू कसैले जसरी नै उद्धार पाउनुपर्दछ। उद्धार पाउनको लागि त हामी परमेश्वरबाट जन्मिनुपर्दछ। यो निश्चित छ! यूहन्ना १:१२,१३:

> "तर जतिले उहाँ *(य'शूआ)*-लाई ग्रहण गरे, तिनीहरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो; अर्थात् तिनीहरूलाई, जसले उहाँको नाममा विश्वास गर्दछन्, जो न त रगतबाट, न त शरीरको इच्छाबाट, न त मानिसको इच्छाबाट, तर परमेश्वर *(यवे)* बाट जन्मेका हुन्।"

**नं. १५,१६,१७ र १८** – तपाईं ढिलो नगरीकन अहिले नै बिउँझनुपर्दछ। यी कुराहरू त बाइबलमा उल्लेख पनि गरिएका छैनन्। ती त मानिसहरूले शुरू गरेका कुराहरू मात्र हुन्, र यी कुराहरूमध्ये कुनैद्वारा स्वर्ग पुग्ने आशा राख्नु हास्यास्पद हुन्छ।

त्यसकारण, अकाटच निष्कर्ष यो हो कि स्वर्ग जाने बाटो माथि उल्लेखित १८ वटा कुराहरूमध्ये कुनैमा पनि पाइँदैन। तपाईंले यी सबै कुराहरू गर्नुभए तापनि, अन्तमा स्वर्गका ढोकाहरूभित्र प्रवेश गर्ने प्रयासमा तपाईं असफल हुनुहुन्छ।

तब ईश्वरीय रूपमा तोकिएको मुक्तिको बाटो के हो त? बाइबलले अत्यन्त प्रष्ट जवाफ दिन्छ। स्वर्गमा सधैंभरि परमेश्वरसँग बस्ने एक मात्र तरिका यो हो:

**केवल प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नु**

मानिसले कुनै पनि तरिकाले आफ्नो उद्धार गर्न नसक्ने भएकोले, परमेश्वरले पापीहरूको सट्टामा मर्न आफ्ना एक मात्र जन्माइनुभएका पुत्र पठाउनुभयो। यदि मानिसले कुनै अर्कै तरिकाले धार्मिकता हासिल गर्न सकेको भए, प्रष्ट रूपमा नै, मुक्तिदाता मर्नुपर्दैनथ्यो।

प्रभु येशू कलभरीमा मर्नुभएर तेश्रो दिनमा बौरिउठ्नुहुँदा, उहाँले मुक्तिको निम्ति आवश्यक पर्ने काम पूरा गर्नुभयो। अब परमेश्वर केवल यति चाहनुहुन्छ कि हामीलाई उहाँको खाँचो छ भन्ने कुरा हामीले महशूस गरौं र उहाँलाई हाम्रा प्रभु र मुक्तिदाता भनी ग्रहण गरौं।

यसरी, स्वर्ग जाने बाटो परमेश्वरका पुत्रमाथि विश्वास गर्नु हो भन्ने कुरा हामी बाइबलमा बारम्बार पढ्न पाउँदछौं।

> "प्रभु य'शूआ मसीहमाथि विश्वास गर्नुहोस् *(अर्थात्, आफूलाई उहाँमा सुम्पिदिनुहोस्),* र तपाईंले मुक्ति पाउनुहुनेछ।"
>
> (प्रेरित १६:३१)

> "जसले पुत्रमाथि विश्वास गर्दछ, ऊसँग अनन्त जीवन हुन्छ।"
>
> (यूहन्ना ३:३६)

> "जसले उहाँमाथि विश्वास गर्दछ, ऊ दोषी ठहरिंदैन; तर जसले विश्वास गर्दैन, त्यो दोषी ठहरिसकेको छ; किनभने त्यसले परमेश्वरका एक मात्र जन्माइएका, *अद्वितीय* पुत्रको नाममा विश्वास गरेको छैन।"
>
> (यूहन्ना ३:१८)

छोटकरीमा, मानिस पापी हो र कथित असल चरित्र र व्यक्तिगत प्रयास वा कुनै प्रकारको उपलब्धिद्वारा स्वर्ग जान सक्दैन। उसले मुक्ति पाउने एक मात्र आशा खीष्टले कलभरीको क्रूसमा पूरा गर्नुभएको काममाथि रहेको हुन्छ। यसरी, पापीले मुक्तिदातालाई भरोसा गर्दा, उसको उद्धार गरिन्छ र परमेश्वरको वचनको अधिकारअनुसार, ऊ प्रतिज्ञा गरिएको देशमा अर्थात् स्वर्ग जान सक्दछ।

अब प्रश्न यो छ, "के तपाईं परमेश्वरले दिनुहुने मुक्तिको बाटो ग्रहण गर्नुहुन्छ ? अहिले तपाईंले जुन मृत कामहरूमाथि भरोसा गरिरहनुभएको छ तिनलाई अस्वीकार गरेर के तपाईं स्वर्ग जानको लागि येशू ख्रीष्टले पूरा गरिदिनुभएको काममाथि भरोसा गर्नुहुन्छ ?"

रोजाइ तपाईंकै हो। तपाईंले नं. १-१८ मा सूचित कुराहरूमै भरोसा गरिरहनुहुन्छ होला। त्यसो भए, तपाईं ख्रीष्टविहीन चिहानमा जानुहुनेछ र हराएको अनन्ततामा बिउँझनुहुनेछ। अथवा तपाईंले प्रभु येशू ख्रीष्टमाथि विश्वास र भरोसा गरी उद्धार पाउन सक्नुहुन्छ।

बुद्धिमान् हुनुहोस् ! ख्रीष्टलाई रोज्नुहोस् ! त्यसपछि तपाईंले गर्नुभएको निर्णयलाई तल जनाउनुहोस् -

☐ स्वर्ग जाने मेरा आशाहरू य'शूआ अर्थात् प्रभु येशू ख्रीष्टमाथि आधारित छन्, जो कलभरीमा मेरो निम्ति मर्नुभयो र जसले मेरा पापहरूको दण्ड तिरिदिनुभयो, र जो मेरा प्रभु हुनलाई बौरिउठ्नुभयो। उहाँमाथि नै म मेरा मुक्तिदाता र प्रभु भनी भरोसा गर्दछु।

# तपाईंले कहीं न कहीं अनन्तता बिताउनुपर्दछ !

**"जसरी धार्मिकताले जीवनमा पुऱ्याउँछ, त्यसरी नै खराबीको पछि लाग्ने मानिस आफ्नै मृत्युमा पुग्छ ।"** (हितोपदेश ११:१९)

"पापको ज्याला मृत्यु हो; तर परमेश्वरको अनुग्रहको वरदानचाहिँ हाम्रा प्रभु येशू ख्रीष्टमा अनन्त जीवन हो ।" (रोमी ६:२३)

प्रिय पाठक मित्र, तपाईंले अनन्तता कहाँ बिताउनुहुनेछ ?

"अहो, म खतरा नै मोल्नेछु," तपाईं भन्नुहोला ।

तर त्यसबाहेक "कुनै मौका" छैन । यदि तपाईं पापमा जिउनुहुन्छ र परमेश्वरले दिनुहुने मुक्ति अस्वीकार गर्नुहुन्छ भने, तपाईं मर्नुहुनेछ । **यदि तपाईंले नरकको बाटो समात्नुहुन्छ भने, अन्तमा तपाईं त्यहीं नै पुग्नुपर्दछ । त्यसमा कुनै शङ्का हुनै सक्दैन ।**

तपाईंले परमेश्वरविहीन, ख्रीष्टविहीन जीवनको विनाशदेखि उम्कने के "मौका" पाउन सक्नुहुन्छ र ? जबकि परमेश्वरले, जसले झूट बोल्न सक्नुहुन्न, यसरी प्रष्ट रूपमा घोषणा गर्नुभएको छ:

"आज्ञा नमान्ने सन्तानहरूमाथि परमेश्वरको क्रोध आइपर्छ ।" (कलस्सी ३:६) । र, "दुष्ट काम गर्ने मानिसको हरेक प्राणमाथि सङ्कष्ट र वेदना ।" (रोमी २:९)

**तपाईं आफ्नो वर्तमान अवस्थादेखि उम्कन सक्नुहुने एक मात्र सम्भावित "मौका" तब आउन सक्दछ जब परमेश्वर झूट बोल्नुहुन्छ र उहाँले जे गर्नेछु भनी भन्नुभएको छ सो उहाँले गर्नुहुनेछैन ।** के त्यसो हुन सम्भव छ ? के तपाईंले त्यो कुरामा कुनै सान्त्वना पाउनुहुन्छ ? पक्कै पनि पाउनुहुन्न ।

## खतरा मोल्नु ?

यस विषयको सत्यता यो हो कि तपाईंले सत्यताको सामना गर्ने साहस नै गर्नुहुन्न । तपाईंसँग उद्धार गरिनुपर्ने प्राण नै छैन, तपाईंले परमेश्वरलाई भेट्नु नै पर्दैन, अनन्तता बिताउनु नै पर्दैन भने झैं गरी तपाईं अगाडि बढ्नुहुन्छ र परमेश्वरलाई ग्रहण नगरीकन जिउनुका परिणामहरूबारे "खतरा मोल्नेछु" भनी सजिलै कुरा गर्नुहुन्छ । तपाईंले यस सम्बन्धमा निर्णय गरिहाल्नुपर्दछ, जसरी परमेश्वरले निश्चित रूपमा भन्नुभएको छ - कि तपाईंको मार्ग नरकको "खाडल"-मा गएर टुङ्गिन्छ, जहाँ ती सबै जान्छन् जसले "परमेश्वरलाई बिर्सिन्छन्" (भजन संग्रह ९:१७), र जहाँबाट छुटकारा पाइँदैन ।

अदनको बगैंचामा, शैतानले हाम्रा प्रथम पुर्खालाई पाप गर्न लगाउँदा, परमेश्वरले सर्पलाई भन्नुभयो, "तँ श्रापित होस् ।" अनि उहाँले त्यसलाई श्राप दिनुभयो जुन श्राप कहिल्यै हटाइएको छैन ।

त्यसैले अब, पापमा बाँचिरहेका सबैले शैतानको सेवा गरिरहेका छन्, र फलस्वरूप "श्रापको व्यवस्था"-ले तिनीहरूमा काम गर्दछ किनभने तिनीहरू आफ्ना पापमा शैतानसँग सम्बन्धित भएका छन् । तिनीहरूले शैतानको सेवा गरिरहेका हुनाले, त्यसको ज्याला पनि पाउनेछन्, जुन ज्याला मृत्यु हो । हामी रोमी ६:२३ मा यसरी पढ्न पाउँदछौं: **"पापको ज्याला मृत्यु हो ।" यदि तपाईंले शैतानसँग पापको खेल खेलिरहनुहुन्छ र परमेश्वरले दिनुहुने मुक्तिलाई अस्वीकार गर्नुहुन्छ भने, मृत्यु नै तपाईंको अन्त हो । तपाईंसँग जित्ने "कुनै मौका" हुँदैन ।**

परमेश्वरलाई धन्यवाद होस्, अब **उम्किने एउटा बाटो** उपलब्ध छ । यो "एउटा मौका" होइन भनी तपाईंलाई बताउन सकेकोमा म खुशी छु । **यो** बाटोमा कुनै पनि अनिश्चितता छैन । परमेश्वरकहाँ अर्थात् स्वर्ग जाने बाटो "भाग्य जाँच्ने" विषय होइन । यो त परमेश्वरले बनाउन सक्नुहुने

जत्तिकै प्रष्ट, निश्चित र सरल छ। येशू भन्नुहुन्छः **"बाटो, सत्य र जीवन म नै हुँ !"** (यूहन्ना १४:६)

"परमेश्वरको अनुग्रहको वरदानचाहिँ हाम्रा प्रभु येशू खीष्टमा **अनन्त जीवन** हो।" (रोमी ६:२३)

यदि तपाईंले पश्चाताप गर्नुहुन्छ र येशू खीष्टलाई तपाईंका मुक्तिदाता भनी ग्रंहण गर्नुहुन्छ भने, पापदेखि तपाईंको उद्धार गरिनेछ। "जीवनको व्यवस्था"-ले तपाईंका काम गर्नेछ र कलभरीको क्रूसमा बगाइएको येशू खीष्टको रगतद्वारा तपाईंका पापहरू पखालिनेछन्। किनकि येशू तपाईंको निम्ति "पाप तुल्याइनुभयो"। श्राप उहाँमाथि परयो र उहाँ हाम्रो सट्टामा मर्नुभयो।

यदि तपाईंले येशू तपाईंको सट्टामा मर्नुभयो भन्ने कुरा अस्वीकार गर्नुहुन्छ भने, पापको श्राप तपाईंमाथि पर्नेछ र त्यो श्रापचाहिँ मृत्यु हो, किनकि परमेश्वरले २ इतिहास २५:४ मा यस्तो आज्ञा गर्नुभएको छ, **"हरेक मानिस आफ्नै पापको निम्ति मरोस्।"** तर, परमेश्वरको स्तुति होस्, येशू तपाईंको पापको निम्ति मर्नुभयो (रोमी ५:६), र उहाँलाई आफ्ना मुक्तिदाता भनी ग्रहण गरेर तपाईं जिउन सक्नुहुन्छ। येशू आफैले यसो भन्नुभयो:

"कसैले मेरो वचन पालन गर्छ भने उसले कहिल्यै मृत्यु देख्नेछैन।" (यूहन्ना ८:५१)

# कसरी स्वर्ग जाने ?

**के तपाईं स्वर्ग जान चाहनुहुन्छ ?**

**कस्तो प्रश्न ! हामी सबैजना स्वर्ग जान चाहन्छौं ।** त्यसो भए, आउनुहोस् त्यहाँ जानको लागि हामीलाई उपलब्ध गराइएको बाटोबारे गम्भीर रूपमा सोचविचार गरौं ।

## स्वर्गका महिमाहरू

प्रकाश २१ र २२ अध्यायमा व्याख्या गरिएका स्वर्गका महिमाहरूबारे पढ्दा हाम्रा हृदय रोमाञ्चित हुन्छन् । स्वर्ग यस्तो ठाउँ हो जहाँ मृत्यु, दुःख, पीडा र अन्धकार कदापि हुनेछैनन् ।

स्वर्ग कति सुन्दर ठाउँ होला ! महिमामय सत्यता यो हो कि परमेश्वरले मानिसको लागि स्वर्ग तयार पार्नुभएको छ । अहिले उहाँ स्वर्ग जाने मानिस तयार पार्नमा व्यस्त हुनुहुन्छ । स्वर्ग मानिस र परमेश्वरको लागि सिद्ध बनाइएको छ; अनि मानिस पनि स्वर्ग र परमेश्वरको लागि सिद्ध बनाइनुपर्दछ ।

## मुक्ति परमेश्वरबाट आउँदछ

स्वर्ग परमेश्वरको शक्तिद्वारा सिद्ध सृष्टि गरिएको हुनाले, त्यहाँ बस्नेहरू पनि त्यही शक्तिद्वारा सिद्ध बनाइनुपर्दछ । केवल सर्वशक्तिमान् परमेश्वरले प्राण बचाउन र त्यसलाई स्वर्गमा रहन सक्ने बनाउन सक्नुहुन्छ । स्वर्ग पुग्ने व्यक्ति "ख्रीष्ट येशूमा सृष्टि गरिएको" परमेश्वरको हातका "कारिगरी" हुनुपर्दछ । (एफेसी २:१०)

मुक्ति त परमेश्वरले मानिसको लागि गरिदिनुहुने काम हो, तर मानिसले परमेश्वरको निम्ति गर्ने काम होइन । "उद्धार परमप्रभुको हो ।" (भजन संग्रह ३:८)

मुक्तिको लागि ईश्वरीय क्षमादान चाहिन्छ र परमेश्वरले मात्र पाप क्षमा गर्न सक्नुहुन्छ । "एक परमेश्वरले बाहेक अरू कसले पापहरू क्षमा गर्न सक्छ र ?" (लूका ५:२१)

## सबै मानिसहरूलाई मुक्ति चाहिन्छ

"परमेश्वरले किन मेरो उद्धार गर्नुपर्दछ ? निश्चय नै मैले स्वर्ग जानै नसक्ने गरी ठूला-ठूला पापहरू गरेको छैनँ त ।" यस्ता दुःखद शब्दहरू धेरै ओठहरूबाट निस्किएका छन् । यस्ता शब्दहरू बोल्नेले यस्ता पापहरू नगरेको होला जसलाई मानिसहरूले "ठूलो" भन्दछन्, तर परमेश्वरमा पापको वर्गीकरण छैन ।

"किनकि जसकसैले सम्पूर्ण व्यवस्था पालन गर्दछ, तर पनि एउटै *कुरामा* चुक्यो भने ऊ सबै कुरामा दोषी ठहरिएको छ ।"
(याकूब २:१०)

"किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमारहित हुनगएका छन् ।" (रोमी ३:२३) । "हामीसँग पाप छैन भनी हामी भन्छौं भने हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुँदैन ।"
(१ यूहन्ना १:८)

आदमले पाप गर्दा आफूसँगै सम्पूर्ण मानवजातिलाई पतन गराए:

"यसकारण जसरी एकजना मानिसद्वारा संसारमा पाप पस्यो, र पापद्वारा मृत्यु आयो, अनि त्यसरी नै मृत्यु सबै मानिसहरूमा फैलियो; किनकि सबैले पाप गरेका छन् ।" (रोमी ५:१२)

जस्तोले त्यस्तै जन्माउँदछ; र कुनै पनि अपवाद सम्भव छैन ।

"शरीरबाट जन्मिएको चाहिँ शरीर हो ।" (यूहन्ना ३:६)

"किनकि जसले आफ्नै शरीरका निम्ति छर्छ, त्यसले शरीरबाट विनाशको कटनी गर्नेछ ।" (गलाती ६:८)

धेरैले यसरी सोधेका छन्, "मानिस हराउनुभन्दा पहिला कति खराब हुनुपर्दछ त ?" सबैजना हराएका छन् भनी हामीले महशूस गर्नुपर्दछ, "हामी सबै भेडाझैं बरालिएका छौं ।" (यशैया ५३:६)

"जसले उहाँमाथि विश्वास गर्दछ, ऊ दोषी ठहरिँदैन; तर जसले विश्वास गर्दैन, त्यो दोषी ठहरिसकेको छ; किनभने त्यसले परमेश्वरका एक मात्र जन्माइएका, *अद्वितीय* पुत्रको नाममा विश्वास गरेको छैन ।"
(यूहन्ना ३:१८)

## परमेश्वरले मानिसको उद्धार गर्न चाहनुहुन्छ

मानिसको मुक्तिको विषयमा परमेश्वरले पहिलो कदम चाल्नुभयो, र उहाँले तबदेखि सबै पहलहरू गर्दै आउनुभएको छ । परमेश्वर नपाएमा मानिस आशा नै नहुने गरी हराउँदछ; तर परमेश्वरले मानिसलाई प्रेम गर्नुहुने भएकोले मुक्ति सम्भव बनाइदिनुभएको छ ।

परमेश्वरले असीमित प्रेम गर्नुभएर आफैले दण्ड तिरिदिनुभयो ।

"तर परमेश्वरले हामीतर्फ आफ्नो प्रेम यसैमा प्रकट गर्नुहुन्छ - हामी पापी हुँदा-हुँदै खीष्ट हाम्रा निम्ति मर्नुभयो ।" (रोमी ५:८)

"किनकि *यवे सर्वशक्तिमान्* परमेश्वरले संसारलाई यसरी प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एक मात्र जन्माइएका *(अद्वितीय)* पुत्र *(य'शूआ)* दिनुभयो ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस् ।" (यूहन्ना ३:१६)

य'शूआ (येशू) पापरहित हुनुहुन्थ्यो; त्यसकारण उहाँ मात्र अरूको निम्ति मर्न सक्नुहुन्थ्यो ।

"किनकि उहाँमा हामी परमेश्वरका धार्मिकता बन्न पाऔं भनेर पापै नजान्नुहुनेलाई परमेश्वरले हाम्रा निम्ति पाप तुल्याउनुभयो ।"
(२ कोरिन्थी ५:२१)

हाम्रा पापहरू उहाँमा राखिए, र उहाँ तिनको निम्ति मर्नुभयो।

"किनकि हामीलाई परमेश्वरकहाँ पुऱ्याउनलाई खीष्टले पनि - धर्मीले अधर्मीहरूका निम्ति - पापहरूका लागि एकपल्ट दु:ख भोग्नुभयो र शरीरमा मारिनुभयो, तर आत्माद्वारा जीवित पारिनुभयो।" (१ पत्रुस ३:१८)

"हामी पापहरूका निम्ति मरेर धार्मिकताका निम्ति बाचौं भनेर उहाँ आफैले आफ्नो शरीरमा हाम्रा पापहरू क्रूसमाथि बोक्नुभयो; उहाँकै चोटहरूद्वारा तिमीहरू निको पारियौ।" (१ पत्रुस २:२४)

## मानिसले के गर्नुपर्दछ ?

**विश्वास**। विश्वास दुई प्रकारका हुन्छन्। ऐतिहासिक विश्वास भनेको नेपोलिएन र सिजरलाई झैं खीष्टलाई पनि ऐतिहासिक व्यक्तिको रूपमा स्वीकार गर्नु हो। उद्धार गराउने विश्वास भनेको खीष्टलाई र उहाँले कलभरीमा पूरा गर्नुभएको कामलाई व्यक्तिगत रूपमा स्वीकार गर्नु हो। मुक्तिको बारेमा प्रयोग गरिने विश्वासचाहिँ उद्धार गराउने विश्वास हो।

"तर जतिले उहाँलाई ग्रहण गरे, तिनीहरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो; अर्थात् तिनीहरूलाई, जसले उहाँको नाममा विश्वास गर्दछन्।" (यूहन्ना १:१२)

यो कुरा खीष्टले प्रकाश ३:२० मा यूहन्नालाई भन्नुभएका वचनहरूमा अत्यन्त राम्रोसँग प्रष्ट पारिएको छ:

"हेर, म ढोकामा उभिन्छु, र ढकढक्याउँछु; कसैले मेरो सोर सुन्यो र ढोका खोल्यो भने म उसकहाँ भित्र आउनेछु, र ऊसँग *सङ्गतिमा* भोजन खानेछु, अनि उसले मसँग खानेछ।"

**पाप-स्वीकार**। "पाप-स्वीकार" शब्दको अर्थ "सहमत हुनु", वा "स्वीकार गर्नु" हो। त्यसकारण, तपाईंको पापी स्वभावबारे बोलिएका प्रभुका

वचनहरूसँग के तपाईं सहमत हुनुहुन्छ ? तपाईं हराउनुभएको छ भनी के तपाईं स्वीकार गर्नुहुन्छ ?

दण्ड त खीष्टले तिरिदिइसक्नुभएको छ । तर तपाईंले आफ्नो अवस्थाप्रति ईमानदार बनेर स्वीकार नगर्नुहुने कुरा परमेश्वरले क्षमा गर्न सक्नुहुन्न । तपाईंको पापी स्वभाव स्वीकार गर्नुहोस् र तपाईंले त्यसो गर्नुहुने क्षणमा, तपाईंका पापहरू क्षमा गरिनेछन् । यसलाई विश्वास गर्नुहोस्, किनभने परमेश्वर त्यसो नै भन्नुहुन्छ ।

**पश्चाताप** । पश्चाताप भनेको के हो ? तपाईंले माथि उल्लेखित कुरा पूरा गर्नुहुँदा, पश्चाताप गरिरहनुभएको हुन्छ । पश्चाताप भनको "मन परिवर्तन" हो । निम्नलिखित बुँदाहरू जाँच गर्नुहोस्:

१. परमेश्वर यति पवित्र हुनुहुन्छ कि पाप स्वर्गमा प्रवेश गर्नै सक्दैन र उहाँले पापलाई दण्ड दिनुपर्दछ भन्ने कुरा के तपाईं स्वीकार गर्नुहुन्छ ? यदि गर्नुहुन्छ भने, तपाईंले परमेश्वरतर्फ पश्चाताप (मन परिवर्तन) गर्नुभएको छ ।

२. के तपाईंले आफूलाई अनन्त मृत्युको योग्य हुने दोषी, पापीको रूपमा हेर्नुहुन्छ । यदि हेर्नुहुन्छ भने, तपाईंले आफ्नै बारेमा पश्चाताप (मन परिवर्तन) गर्नुभएको छ ।

३. तपाईंको एक मात्र आशा खीष्टमा छ जो तपाईंको सट्टामा मर्नुभयो भनी के तपाईं ठान्नुहुन्छ र उहाँलाई आफ्ना मुक्तिदाता भनी के तपाईं भरोसा गर्नुहुन्छ ? यदि गर्नुहुन्छ भने, तपाईंले मुक्तिको निम्ति खीष्टतर्फ फर्किएर उहाँको बारेमा पश्चाताप (मन परिवर्तन) गर्नुभएको छ ।

**भावना** । भावना के हो नि ? धेरै मानिसहरूले भावना र विश्वासलाई मिसाइदिन्छन् । कोही-कोही यसो भन्दछन्, "म केही पनि फरक महशूस गर्दिनँ र त्यसैले मैले परमेश्वरको शर्त पूरा गरे तापनि उहाँले मेरो उद्धार गर्नुभएको छ भनी म विश्वास गर्दिनँ ।"

धेरै मानिसहरूले उद्धार गरिएपछि भिन्दै महशूस गर्दछन्, तर यो भावनाले तिनीहरूको उद्धार गरेको थिएन। तिनीहरूले भिन्दै महशूस गर्दछन् किनभने मुक्तिको विषयमा तिनीहरूले परमेश्वरलाई विश्वास गरे। कुनै व्यक्तिले परमेश्वरको वचनलाई विश्वास गर्ने क्षणमा नै उसको उद्धार गरिन्छ। यदि भावनाहरू आउँदछन् भने ठीकै छ, तर हामीले तिनको आशा गर्नुहुँदैन वा हामी तीमाथि निर्भर हुनुहुँदैन। परमेश्वरको साथसाथै शैतानले पनि मानिसका भावनाहरू नियन्त्रण गर्न सक्दछ।

**कामहरू।** कामहरू त मुक्तिका **परिणाम** हुन्, तर मुक्तिका **माध्यमहरू** होइनन्। "हामी असल कामहरूका निम्ति खीष्ट येशूमा सृजना गरिएका उहाँका हातका कारिगरी हौं।" (एफेसी २:१०)। परमेश्वरको लेखि अझैसम्म पनि मरेको मानिसले परमेश्वरको निम्ति काम गर्न सक्दैन। कुनै पनि मानिसले आफ्ना असल कामहरूद्वारा आफ्नो उद्धार गराउन सक्दैन।

> "तब हामीले आफैले गरेका धर्मका कामहरूद्वारा होइन, तर उहाँकै कृपाअनुसार उहाँले हाम्रो उद्धार गर्नुभयो - नयाँ जन्मको स्नान र पवित्र आत्माबाटको नवीकरणद्वारा।" (तीतस ३:५)

> "किनकि विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ; अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको वरदान हो; कामहरूबाट होइन, नत्र त कसैले घमण्ड गर्नेछ।" (एफेसी २:८,९)

प्रिय पाठक मित्र, यदि तपाईंले अहिलेसम्म पनि स्वर्ग जाने बाटो समात्नुभएको छैन भने, के तपाईं अहिले नै परमेश्वरका पुत्र प्रभु येशूलाई तपाईंका मालिक भनी ग्रहण गर्नुहुन्छ र त्यसो गरेर स्वर्ग जाने बाटोमा प्रवेश गर्नुहुन्छ ? उहाँसँग प्रार्थना गर्नुहोस् र आज नै तपाईंको अनन्तता निश्चित गर्नुहोस् !

## अहिले नै निश्चित गर्नुहोस !

**परमेश्वरका महान् दूत बप्तिस्मा दिने यूहन्नाले प्रभु येशू खीष्टलाई देखाएर यसो भने,**

"हेर, परमेश्वरका थुमालाई, जसले संसारको पाप उठाई लैजानुहुन्छ ! जसले पुत्रमाथि विश्वास गर्दछ, ऊसँग अनन्त जीवन हुन्छ ।"

(यूहन्ना १:२९, ३:३६)

प्रभु येशू आफैले यसो भन्नुभयो,

"साँचो-साँचो म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन छ, र ऊ न्यायमा पर्नेछैन, तर मृत्युबाट जीवनमा सरिसकेको हुन्छ ।"

(यूहन्ना ५:२४)

"हे सबै परिश्रम गर्ने र भारीले दबिएकाहरूहो, मकहाँ आओ, अनि म तिमीहरूलाई विश्राम दिनेछु ।" "मेरा भेडाहरूले मेरो सोर सुन्छन्, अनि म तिनीहरूलाई चिन्छु, र तिनीहरूले मलाई पछ्याउँछन् । अनि म तिनीहरूलाई अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन् ।" (मत्ती ११:२८; यूहन्ना १०:२७,२८)

तपाईं पापी हुनुहुन्छ र तपाईंलाई परमेश्वरका थुमाको अनुग्रह र मुक्ति चाहिएको छ भन्ने कुरा स्वीकार गर्दै के तपाईं अहिले नै उहाँकहाँ आउनुहुन्छ ? यो गीतले भने झैं के तपाईं जस्तो अवस्थामा हुनुहुन्छ, त्यस्तै अवस्थामा आउनुहुन्छ ?

म जस्तो छु, त्यस्तै, कुनै बहाना गर्दिनँ,
तर तपाईंको रगत मेरो निम्ति बगाइएको थियो,
अनि तपाईंले मलाई आफूकहाँ बोलाउनुभयो,
हे परमेश्वरका थुमा, म आउँदछु ।
म जस्तो छु त्यस्तै, र तुरुन्तै
मेरो प्राणलाई एउटा ठूलो कलङ्कदेखि मुक्त पार्न
जसको रगतले हरेक दाग पखाल्न सक्दछ, तपाईंकहाँ
हे परमेश्वरका थुमा, म आउँदछु ।

म जस्तो छु त्यस्तै, तर धेरै विवाद
र धेरै शङ्काले यता र उता हुत्याइएको;
आफूभित्रै सङ्घर्ष गर्दै र निडर भएर
हे परमेश्वरका थुमा, म आउँदछु
म जस्तो छु त्यस्तै, गरीब, अभागी, अन्धो;
मलाई चाहिने दृष्टि, सम्पन्नता, मनको चङ्गाइ सबै कुरा
हो, तपाईंमा नै मैले पाउनुपर्दछ
हे परमेश्वरका थुमा, म आउँदछु ।
म जस्तो छु त्यस्तै, तपाईंले ग्रहण गर्नुहुनेछ,
स्वागत, क्षमा, शुद्ध, मुक्त पार्नुहुनेछ;
किनभने तपाईंको प्रतिज्ञालाई म विश्वास गर्छु,
हे परमेश्वरका थुमा, म आउँदछु ।
म जस्तो छु त्यस्तै, तपाईंको प्रेम थाहा नपाएको
हरेक बाधा तोडेर अब तपाईंकै,
हजुर, केवल तपाईंकै हुनलाई;
हे परमेश्वरका थुमा, म आउँदछु ।

प्रिय पाठक मित्र, यदि तपाईंको उद्धार गरिएको छैन, तर आज तपाईं परमेश्वरले दिनुहुने मुक्ति अनुभव गर्न चाहनुहुन्छ भने, हामी (यो पुस्तकका सबै लेखकहरू) तपाईंलाई परमेश्वरका थुमाकहाँ निमन्त्रणा गर्दछौं, र तपाईं ठीक अहिले जहाँ हुनहुन्छ त्यहीं नै उहाँसँग प्रार्थना गर्नुहोस् । प्रभु येशू ख्रीष्टले तपाईंको निम्ति क्रूसमा मर्नुभएर आफ्नो कर्तव्य पूरा गर्नुभएको छ । तपाईंको कर्तव्य सामान्य रूपमा विश्वास गर्नु हो । उहाँले तपाईंसँग यही नै मागिरहनुभएको छ । तपाईंको प्रार्थना सुन्न उहाँ पर्खिरहनुभएको छ ।

निम्नलिखित प्रार्थनाका शब्दहरूले तपाईंको कुरा व्यक्त गर्नमा तपाईंलाई सहायता गर्न सक्दछन् । पहिला यो प्रार्थना पढ्नुहोस्, र यदि यसले तपाईंको हृदयको कुरा व्यक्त गर्दछ भने, ठीक अहिले नै परमेश्वरले जवाफ दिनुहुन्छ भनी भरोसा गर्दै यो प्रार्थना राम्रोसँग गर्नुहोस् ।

## निर्णायक प्रार्थना

हे सर्वशक्तिमान् परमेश्वर, म तपाईंका पुत्र प्रभु येशू ख्रीष्टको नाउँमा तपाईं समक्ष आउँदछु। म जस्तो छु त्यस्तै अवस्थामै आउँदछु - तपाईंको क्षमादान र मुक्ति खोज्ने पापीको रूपमा। म सदासर्वदा स्वर्गमा तपाईंसँगै बस्न चाहन्छु।

मेरा धेरै पापहरूको निम्ति म तपाईंको दण्ड भोग्नयोग्य छु भन्ने म महशूस गर्दछु। तर यो पुस्तक पढेपछि, मेरो सट्टामा तपाईंका पुत्र येशू मर्नुभयो र मेरा पापहरूको दण्ड तिर्न उहाँको निष्खोट रगत बगाउनुभयो भन्ने म बुझ्दछु। अनि तपाईं मेरा पापहरू क्षमा गर्न, मलाई ग्रहण गर्न र आज मलाई तपाईंको सन्तान बनाउन सक्षम र इच्छुक हुनुहुन्छ भनी म विश्वास गर्दछु। म मेरो पापी हृदय तथा तपाईंले मलाई नयाँ हृदय र अनन्त जीवन दिनुहुन्छ भन्ने मेरो विश्वास मात्र तपाईंकहाँ ल्याउँदछु।

हे प्रभु येशू, म तपाईंलाई मेरा व्यक्तिगत मुक्तिदाता भनी ग्रहण गर्दछु, र मेरो हृदयमा आउन, अहिलेदेखि नै मेरा मुक्तिदाता र प्रभु हुन निमन्त्रणा गर्दछु। तपाईंको अनुग्रहद्वारा म तपाईंसँग सङ्गति गर्दै जिउन चाहन्छु, र तपाईंले तोक्नुहुने जुनसुकै तरिकाले तपाईंको सेवा गर्न चाहन्छु।

हे पिता, मलाई सबै पापी स्वभावहरूदेखि स्वतन्त्र तुल्याउनुहोस्, र तपाईंको प्रेम र शक्तिले मलाई भर्नुहोस्। मलाई तपाईंका बाहुलीमा राख्नुहोस् र तपाईंका मार्गहरू सिकाउनुहोस्।

धन्यवाद छ पिता। मेरो प्रार्थनाको जवाफ दिनुभएको लागि धन्यवाद प्रभु येशू। तपाईंले दिनुभएको मुक्तिको लागि धन्यवाद। धन्यवाद। आमेन।

हस्ताक्षर .................................. मिति ..................................

पाठक मित्र, यदि तपाईंले आज निर्णायक प्रार्थना गर्नुभएको छ भने, कृपया हस्ताक्षर गर्नुहोस् र तपाईंले गर्नुभएको यो अचम्भको निर्णयको अभिलेखको रूपमा त्यो प्रार्थना आफूसँगै राख्नुहोस् ।

हामी पनि तपाईंको निर्णय सुन्न पाउँदा खुशी हुनेछौं, ताकि हामीले तपाईंको निम्ति प्रार्थना गर्न सकौं । अनि तपाईंले हामीलाई तपाईंको विशेष खाँचोको विषयबारे प्रार्थना गरिदिन पनि अनुरोध गर्न सक्नुहुन्छ । हामी तपाईंलाई प्रभु येशू ख्रीष्टसँगको हिँडाइमा वृद्धि हुन सहायता गर्ने केही पुस्तकहरू पठाउन चाहन्छौं । कृपया हामीलाई तलको ठेगानामा पत्राचार गर्नुहोस् ।

MaRC NEPAL

GPO Box 8975 EPC 806

Kathmandu

email: marcnepal@yahoo.com

अथवा

# श्रीमान् अनन्तता

हाम्रो आवरण पृष्ठमा लिखित शब्द *"अनन्तता"*-लाई ३१ डिसेम्बर १९९९ को ठीक मध्यरातको समयमा सिडनी हार्बर पुलमा प्रदर्शन गरिएको थियो र नयाँ सहस्राब्दीको शुरूआतको सङ्केत दिइएको थियो ।

उक्त प्रख्यात पुलको छेउमा चम्किएको त्यो विशाल चिन्ह सिडनीको सहस्राब्दी उत्सवको रङ्गीचङ्गी वातावरणको एउटा अंश थियो । उक्त बन्दरगाहको वरिपरिबाट दश लाखभन्दा बढी मानिसहरूले त्यो शब्दको प्रदर्शनी हेरे, र संसारभरिका लगभग दुई अरब मानिसहरूले टेलिभिजनमा त्यसलाई प्रत्यक्ष रूपमा हेरे ।

तर *"अनन्तता"* शब्दलाई किन त्यति महत्व दिएर प्रदर्शन गरिएको थियो त ?

किनभने त्यो शब्द सिडनीमा अत्यन्त प्रख्यात चिन्ह बनेको थियो । ३३ वर्षसम्म *"अनन्तता"*-लाई शहरका गल्लीहरूमा चकले लेखिएको थियो - लगभग ५००,००० पटक । "सारा सिडनी"-ले शहरका सबै भागहरूमा कुनै न कुनै समयमा यो अर्थपूर्ण र शिष्टतापूर्वक लेखिएको एउटा शब्द देखेको थियो । त्यसलाई नियमित रूपमा लेख्ने मानिस को थियो भन्ने कुरा २४ वर्षसम्म कसैलाई थाहा भएन ।

अन्ततः ती मानिसको पत्ता लागेपछि, सञ्चार माध्यमले तिनको उपनाउँ *"मिस्टर इटरनिटी (श्रीमान् अनन्तता)"* राखिदिए । तिनको वास्तविक नाउँ आर्थर स्टेश थियो ।

तिनी ५ फीट ३ इन्च अग्ला असाधारण मानिस थिए; तर तपाईंले तिनलाई सनकी भन्न सक्नुहुन्न । तिनी एउटा लक्ष्य लिएका मानिस थिए - तिनको बोझ मानिसहरूलाई अनन्तताबारे र परमेश्वरसँगको तिनीहरूको सम्बन्ध असल हुनुपर्ने कुराबारे सचेत तुल्याउनु थियो ।

आर्थर स्टेश १८८४ मा सिड्नीको छेउछाउमा पर्ने ठाउँमा जन्मिएका थिए। तिनको बाल्यकाल अत्यन्त कठिनसाथ बित्यो, र तिनले बाँच्नको लागि दिनहुँ सङ्घर्ष गर्नुपर्दथ्यो। जवान भएपछि तिनले कोइला खानीमा काम गरे। १५ वर्षको हुँदा तिनी अत्यन्तै मद्यपान गर्ने मानिस बने, र पहिलो पटक जेल सजाय भोगे। पछि, तिनले जुवाघरहरू र वेश्यालयहरूमा पहरेदारको रूपमा काम गरे, र तिनी धेरै पटक पक्राउ परे।

प्रथम विश्वयुद्धको अवधिमा, आर्थरले अष्ट्रेलियन सेनाहरूको साथमा फ्रान्समा सेवा गरे र युद्धका आतङ्कहरू देखे। तिनी जसोतसो बाँचे र विभिन्न कष्ट र असरहरू सहँदै अष्ट्रेलिया फर्किए।

तिनी छिट्टै नै मद्यपान, जुवा र अपराधको कुलतमा फँसे। त्यसपछि तिनले आगो बाल्न प्रयोग गरिने कडा मद्य पिएर आफ्नो निराशादेखि उम्किने प्रयास गरे।

## परिवर्तनको क्षण

सन १९३० मा, ४६ वर्षको उमेरमा, स्टेश बरालिँदै एउटा "**खाँचोमा परेकाहरूको निम्ति आयोजित सभा**"-मा प्रवेश गर्न पुगे, जहाँ तिनले येशू खीष्टको सुसमाचार सुने। आफ्नो पाप र अभागी जीवनको दोषी महशूस गरेपछि तिनी बलिन्द्र धारा आँसु बगाउँदै र पश्चाताप गर्दै भुइँमा लडे अनि यसरी पुकारा गरे, "हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्।" साँचो वार्तालाप भयो, र त्यसपछिका ३७ वर्षसम्म तिनको जीवन परमेश्वरको उद्धार दिने अनुग्रहको गवाही बन्यो।

तिनको उद्धार गरिएको दुई वर्षपछि, स्टेशले सिडनीका एक प्रचारकले अनन्तताको विषयबारे प्रचार गरेको सुने। ती प्रचारक चिच्चाएर, "अनन्तता! म चाहन्छु कि यो शब्द सिडनीका सडकहरूमा हिँड्ने हरेकलाई सुनाउन सकूँ। अनन्तता! तपाईंले त्यो भोग्नु नै पर्दछ। तपाईंले अनन्तता कहाँ बिताउनुहुनेछ ?"

त्यो दिनदेखि, आर्थर स्टेशले, कुनै घोषणा नगरीकन, सिडनीका सडकहरूमा ***"अनन्तता"*** लेख्ने काम शुरू गरे । तिनी सडकहरू जाग्नुभन्दा अगावै आफ्नो काम पूरा गर्न दिनहुँ बिहान ५ बजे उठ्दथे ।

श्रीमान् स्टेशले ५७ वर्षको उमेरमा विवाह गरे, र सन् १९६७ मा ८३ वर्षको उमेरमा हृदयघात भएर तिनी बिते ।

सिडनीले स्टेशकै लेखनशैली पछ्याउँदै हार्बर पुलमा ***"अनन्तता*** *(Eternity)* *"* प्रदर्शन गरेर यी "अद्वितीय नागरिक"-प्रति आभार प्रकट गरेको छ । हार्बर पुलमा गरिएको प्रदर्शनी एक-शब्दे प्रवचन होस् भन्ने चाहना गरिएको थिएन होला, तर छोटो समयको लागि भए पनि, अधिकांश संसारले यो विस्मयकारी वास्तविकता - ***"अनन्तता"*** - हेर्‍यो ।

**तपाईंले अनन्तता कहाँ बिताउनुहुनेछ ?**

# MaRC NEPAL का अन्य प्रकाशनहरू



यो २८ पृष्ठको सानो नेपाली सुसमाचार पुस्तिका (यो संसार के हुन लागिरहेछ ?)-मा संसारको वर्तमान अवस्था भविष्यमा हुनसक्ने संकटकाल, पृथ्वीमाथि चाँडै हुने न्याय र प्रभु येशू ख्रीष्टको आगमनबारे वर्णन गरिएको छ ।


यो पुस्तिका तिब्वती, राजबंशी, नेवारी, जोङ्खा, चेपाङ्ग र मैथिली भाषामा पनि उपलब्ध छ ।



यस ट्रिब्युलेशन पोस्टरले रचाप्चरपछिको सातवर्षीय संकटकालभरि पृथ्वीमाथि भईपरिआउने घटनाहरुलाई चित्रण गर्दछ ।



यस रचाप्चर पोस्टरले प्रभु येशूका दोस्रो आगमन हुँदा पृथ्वीमाथि घट्ने घटनाहरूलाई चित्रण गर्दछ ।



यो जोङ्खा पुस्तिकामा परमप्रभु परमेश्वरको नाम हिब्रू शब्दमा "यवे" भनी उल्लेख गरिएको छ ।



यो तिब्वती पुस्तकमा स्वर्गीय पिता यवे (परमेश्वर)-को वचनअनुसार कसरी ख्रीष्टिय जीवन बिताउनुपर्छ भन्ने सम्बन्धमा व्याख्या गरिएको छ ।




यो पुस्तकले सत्यताको अटुट खोजीको साँचो समाधान प्रस्तुत गर्दछ ।




यो पुस्तकले मसीहसम्बन्धी बाइबलीय भविष्यवाणीहरू र तिनका पूर्णताको प्रमाण बाइबलबाट दिन्छ ।




यो पुस्तक नयाँ विश्वासीहरुका निम्ति हो । यसमा आठवटा बाइबलीय पाठहरु छन् ।

**कृपया यी पुस्तक र पोस्टरहरू खोजी-खोजी पढ्नुहोस् र आशिषित बन्नुहोस् !**

**MaRC NEPAL द्वारा निम्नलिखित पुस्तकहरू प्रकाशन भइरहेछ ! प्रार्थनासहित प्रतीक्षा गर्नुहोस् !**

प्रभु येशूको दोश्रो आगमनको चित्र
(Rapture Poster) नेपाली

सातवर्षीय महासंकटकालको चित्र
(Great Tribulation Poster) नेपाली

लम (The Way) जोङ्खा

ल्याम् (The Way) चेपाङ्ग

चु संसार तिक तपरी ल्हाग्ति ?
(What's The World Coming To?) तामाङ्ग

इ संसार का हुइ भिरल बा ?
(What's The World Coming To?) थारु

चु संसार तो तबरी हुइमो ?
(What's The World Coming To?) गुरुङ्ग

# यवे - यशूआ

## (YAHWEH-Y'SHUA)

हिब्रू बाइबलमा स्वर्गीय पिताको व्यक्तिगत नाम उल्लेख गरिएको छ । यो नाम ६८५५ चोटि यसप्रकार लेखिएको छ - יהוה, सर्वप्रथम यवेको नाम आदम र हव्वाकहाँ प्रकट भएको थियो । यो नाम अब्राहामद्वारा परिचित भयो, त्यसपछि जलिरहेको पोथ्रामा मोशाकहाँ प्रकट भएको थियो । "**यवे**" एउटा पवित्र नाम हो, तर परमेश्वरले कदापि भन्नुभएन, "मेरो नाम नलेऊ ।"

उहाँ भन्नुहुन्छ, "तैले आफ्नो परमेश्वर यवेको नाम व्यर्थमा नलिनू ।"
(प्रस्थान २०:७)

यो नाम हिब्रू क्रियापद हया (hayah-to be, to live) र प्रस्थान ३:१४ को "**म हुँ**" भन्ने उपाधिसित सम्बन्धित छ । यवेको अर्थ "**शाश्वत**" हो । साधारणत: ईसाई धर्मावलम्बीहरूले यस नामलाई यहोवा अथवा जेहोवा उच्चारण गर्दछन्, तर अनुसन्धानले के फेला पारेका छन् भने यवे अझै सठीक उच्चारण हो । अधिकांश अंग्रेजी बाइबलहरूले यो नामको सट्टामा LORD (अंग्रेजीको चारवटा ठूलो अक्षरहरू)-लाई प्रयोग गर्दछन् ।

येशूको मूल हिब्रू नाम **यशूआ** - ישוע हो । **यशूआ**को अर्थ "**यवे नै मुक्ति**" हो । **मसीह**, अर्थात् खीष्टको अर्थ "अभिषिक्त गरिएको व्यक्ति" हो ।

"तपाईंको नाम जान्नेहरूले तपाईंमा भरोसा राख्नेछन्; किनकि, हे यवे, तपाईंको खोजी गर्नेहरूलाई तपाईंले त्याग्नुभएको छैन ।"
(भजनसंग्रह ९:१०)

# हेर, म चाँड़ै आउँछु !

## प्रभु येशू ख्रीष्ट



# शायद आज नै !

"किनकि प्रभु आफै चीत्कारसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरको तुरहीसित स्वर्गबाट ओर्लनुहुनेछ; अनि खीष्टमा मरेकाहरू पहिले बौरेर उठ्नेछन् । त्यसपछि हामी (विश्वासीहरू) जो जीवित र रहिरहेकाहरू हावामा प्रभुलाई भेट्नका निम्ति उनीहरूसित एकसाथ बादलहरूमा **उठाइनेछौं**; अनि यसरी हामी सधैं प्रभुको साथमा रहनेछौं ।"

**पवित्र बाइबल**

(१ थेस्सलोनिकी ४:१६,१७)